# प्रभाव दैनिक
National Daily


इ-पेपरका लागि

वर्ष १३ | अंक १४ | काठमाडौं | बिहीबार, २४ वैशाख २०८३ | Prabhab National Daily | Thursday, 7 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## देउवा दम्पतीविरुद्ध 'रेड कर्नर नोटिस' जारी गर्न इन्टरपोलद्वारा अस्वीकार

- देउवा दम्पती पक्राउ गर्ने सरकारको कदममा तत्कालका लागि बाधा
- कागजात नपुगेको भन्दै 'रेड कर्नर नोटिस' जारी गर्न इन्टरपोलद्वारा अस्वीकार
- उपचारका लागि भन्दै सिंगापुर गएको देउवा दम्पती हङकङमा भएको आशंका

■ **जेबी योञ्जन**




**काठमाडौं–** पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा र उनकी पत्नी तथा पूर्वपरराष्ट्रमन्त्री आरजु राणालाई 'रेड कर्नर नोटिस' जारी गरेर पक्राउ गर्ने सरकारको प्रयास तत्कालका लागि असफल भएको छ । अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोलले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा उनीहरूलाई पक्राउ गर्न आवश्यक कागजात र प्रमाण अपर्याप्त भएको निष्कर्ष निकाल्दै तत्कालका लागि 'रेड कर्नर नोटिस' जारी गर्न अस्वीकार गरेको हो ।

प्रहरी प्रधान कार्यालय स्रोतका अनुसार देउवा दम्पतीविरुद्ध रेड नोटिसका लागि नेसनल सेन्ट्रल ब्युरो (एनसिबी)काठमाडौंमार्फत पठाइएको कागजातमाथि इन्टरपोलले प्रारम्भिक अध्ययन गर्दा प्रस्तुत कागजातहरू पर्याप्त नदेखिएको बताइएको छ । 'अहिलेको अवस्थामा रेड कर्नर नोटिस जारी गर्न मिल्ने आधार पुगेको छैन भन्ने सन्देश आएको छ,' एक प्रहरी अधिकारीले प्रभावलाई भने ।

रेड कर्नर नोटिस भनेको कुनै व्यक्तिलाई विश्वभरका सदस्य राष्ट्रहरूमा खोजी गरी पक्राउ गर्न आग्रह गर्ने सूचना हो । इन्टरपोलले देउवा दम्पतीको हकमा पक्राउ गर्न यस्तो सूचना जारी नगर्नुले अनुसन्धानको गति र प्रभावमा प्रत्यक्ष असर पार्ने देखिएको सरोकारवालाहरूले बताएका छन् ।

गत वर्षको २४ चैतमा देउवा दम्पतीविरुद्ध जिल्ला अदालत काठमाडौंले पक्राउ पुर्जी जारी गरेको थियो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको मागअनुसार पक्राउ पुर्जी जारी भए पनि देउवा दम्पती विदेशमा रहेका कारण पत्राउ परेका छैनन् । उनीहरूलाई पक्राउ गर्न नेपाल प्रहरीले अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोल गुहारेको थियो । तर, इन्टरपोलले रेड नोटिस जारी गर्नुअघि आवश्यक पर्ने कागजात, प्रमाण र अभियोगको स्पष्टता पर्याप्त नभएको ठहर गरेको छ ।

इन्टरपोलको नियमअनुसार कुनै पनि देशबाट पठाइने प्रस्तावमा आरोपको प्रकृति, त्यससम्बन्धी प्रमाण, अदालतको आदेश तथा मानवअधिकारसम्बन्धी मापदण्डहरू स्पष्टरूपमा पूरा भएको हुनुपर्छ । ती आधारहरू कमजोर देखिएमा इन्टरपोलले रेड नोटिस जारी नगर्ने वा थप कागजात माग्ने गर्दछ । देउवा दम्पतीको हकमा पनि इन्टरपोलले थप कागजात मगाएको छ । ती कागजात के-के हुन् भन्ने प्रहरीले खुलाएको छैन ।

देउवा दम्पती गत फागुनको पहिलो साता नै सिंगापुर गएका थिए । उनीहरू त्यहाँ गएको उपचारका लागि भनिएको थियो । भनिन्छ, सिंगापुरदेखि ७ चैतमा हङकङ गएका छन् । १४ चैतमा पक्राउ पुर्जी जारी हुँदा देउवाले अनुसन्धानका लागि सहयोग गर्ने सन्देश दिँदै आफू खुला किताब भएको बताएका थिए । तर, उनी कहाँ छन् ? अत्तोपत्तो छैन । त्यही भएर प्रहरीले इन्टरपोलमार्फत रेड कर्नर नोटिस जारी गराएर पक्राउ गर्न चाहेको हो ।

यदि रेड नोटिस जारी भए इन्टरपोलका १९६ सदस्य राष्ट्रहरूले उनीहरूलाई पक्राउ गर्न सक्ने नेपाल प्रहरीका पूर्वप्रहरी नायव महानिरीक्षक हेमन्त मल्ल बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

## एकताको प्रयासमा गगनको दौडधुप

### शेखरपछि पूर्वउपसभापति खड्कासँग भेटवार्ता

- असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा १५औं महाधिवेशन गर्ने निर्णय गरेसँगै सभापति गगन थापा असन्तुष्ट पक्षलाई मनाउन दौडधुपमा
- प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधिलगायत नेताहरु गगन नेतृत्वको कांग्रेसमा आउन अनिच्छुक
- केन्द्रीय समिति विस्तार ढिलाइसँगै असोजमा तोकिएको महाधिवेशन अनिश्चित



**पूर्वउपसभापति पूर्णबहादुर खड्कासँग उनको निवासमा बुधबार भेट्न पुगेका कांग्रेस सभापति गगन थापा (दायाँ) र उपसभापति विश्वप्रकाश शर्मा ।**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापाले कांग्रेसका असन्तुष्ट पक्षलाई मनाउन दौडधुप थालेका छन् । विशेष महाविधेशनपछि असन्तुष्ट बनेका पूर्वसंस्थापनका नेतासँग सभापति थापाले मंगलबारयता भेट्न थालेका हुन् ।

मंगलबार विशालनगर पुगेर डा. शेखर कोइरालालाई भेटेका थापाले बुधबार उपसभापति विश्वप्रकाश शर्मा लिएर पूर्वउपसभापति पूर्णबहादुर खड्का भेट्न पुगे । भेटमा खड्काले एकताको कार्ययोजना मागेका थिए । सभापति थापाले आफूले सबैलाई मिलाएर लैजाने योजना लिएर आउने भन्दै खड्कासँग छुटेको एक नेताले बताए । उक्त भेटमा पार्टीलाई एक बनाएर लैजाने विषयमा छलफल गरेको बताइएको छ । विशेष महाविधेशनपछि सभापति थापाले खड्कालाई दोस्रोपटक भेटेका हुन् ।

यसअघि उनले वैशाख ६ गते पनि खड्कालाई उनकै निवासमा पुगेर भेटेका थिए । भेटमा नेताहरूबीच पार्टीलाई एकताबद्ध बनाएर लैजाने विषयमा छलफल भएको खड्काका स्वकीय सचिव गौतम बिसीले बताए । मंगलबार कोइरालालाई भेट्न सभापति थापा विशालनगरस्थित सम्पर्क कार्यालय पुगेका थिए । उनीहरूबीच करिब एक घण्टा वार्ता भएको नेता कोइरालाको सचिवालयले जनायो ।

जेन-जी विद्रोहपछि परिवर्तित राजनीतिक घटनासँगै कांग्रेसमा गत पुस मसान्तमा विशेष महाधिवेशन भएको थियो । उक्त महाधिवेशनले थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएसँगै पूर्वसंस्थापनइतर भने पार्टीको मुलधारमा अटेका छैनन् । त्यसपछि आधिकारिता दाबी गर्दै पूर्वसभापति शेरबहादुर देउवापक्ष सर्वोच्च अदालत पुगेको थियो । सर्वोच्चले अन्तरिम आदेश नदिएपछि कांग्रेस थापाकै हस्ताक्षरमा निर्वाचनमा होमिएको थियो । यो बीचमा सर्वोच्च अदालतले वैशाख ४ मा आधिकारिता विवाद टुङ्ग्याएसँगै पार्टी बाहिर रहेका नेताहरूलाई मनाउन थापाले भेटघाट थालेका हुन् ।



> पार्टीभित्रको विवाद मिलाउने जिम्मा सभापतिलाई दिएका छौं । मिल्नुको विकल्प छैन । त्यसैले संवादबाटै सहमति खोज्नुपर्छ भनेर सभापतिले प्रयास गर्नुभएको छ । अब पनि आन्तरिक विवादमा धेरै अल्झिएर बस्न हुँदैन भन्ने हाम्रो बुझाइ हो ।
>
> ■ **देवराज चालिसे**
> प्रवक्ता, नेपाली कांग्रेस

कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार पार्टीको विवाद मिलाउने जिम्मा सभापतिलाई दिइएको छ । 'हामीले पार्टीभित्रको विवाद मिलाउने जिम्मा सभापतिलाई दिएका छौं । मिल्नुको विकल्प छैन । त्यसैले संवादबाटै सहमति खोज्नुपर्छ भनेर सभापतिले प्रयास गर्नुभएको छ । अब पनि आन्तरिक विवादमा धेरै अल्झिएर बस्न हुँदैन भन्ने हाम्रो बुझाइ हो,' प्रवक्ता चालिसेले भने ।

#### देउवा र कोइराला समूहलाई केन्द्रीय समितिमा ल्याउने तयारी

नेपाली कांग्रेसका सभापति थापाले पूर्वसभापति देउवा र कोइराला समूहलाई केन्द्रीय समितिमा समेट्ने तयारी गरेका छन् । विशेष महाविधेशनमा बाहिरै रहेकोले उनीहरूलाई केन्द्रीय समितिमा ल्याउने तयारी गरेका हुन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### वैदेशिक रोजगार संघको विवाद

## नेतृत्वले कार्यशैली सुधारे राजीनामा फिर्ता लिन असन्तुष्टपक्ष तयार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विवाद समाधानउन्मुख देखिएको छ । असन्तुष्ट पक्षले आफ्ना सर्तहरू पूरा भएको अवस्थामा एकढिक्का भएर अघि बढ्ने जनाएको छ ।

हाल सरकारले विभिन्न नीतिहरूमा परिमार्जन गर्दै व्यवसायीलाई अप्ठ्यारो पार्दै लगेको अवस्थामा एकढिक्का भएर अघि बढ्न तयार रहेको संघका तृतीय उपाध्यक्षबाट राजीनामा दिएका वैकुण्ठ पौडेलले बताए । यद्यपि, संघका अध्यक्ष भुवनसिंह गुरुङले आफ्नो कार्यशैलीमा सुधार गर्नुपर्ने उनको भनाइ छ ।

'परिस्थिति प्रतिकूल भएको कारणले एकजुट भएरै व्यवसायीका समस्या समाधान गर्नुपर्ने अवस्था बनेको छ,' पौडेलले भने, 'अध्यक्षले आफ्नो कार्यशैलीचाहिँ सुधार्नपर्‍यो । त्यसका लागि फेरि उहाँसँग बसेर छलफल गर्छौं । व्यवसायीको समस्या जटिल भएकाले एकजुट भएर तालुकदार निकायसँग पहलकमी गर्न तयार छौं ।'

हालैमात्र सरकारले वैदेशिक रोजगार ऐन, २०६४ संशोधन गर्दै 'फ्रि-भिसा'को मागपत्र तथा अन्य अवस्थामा तोकिएभन्दा बढी रकम लिएको पाए जरिवाना लिनेदेखि कम्पनी खारेज गर्नेसम्मको प्रावधान राखेको छ । सेवा शुल्कको निर्धारण नगरी यस्ता निर्णय गरे व्यवसाय धराशायी हुने गुनासो व्यवसायीहरूले गर्दै आएका छन् । नीतिगत अप्ठ्याराहरू थपिँदै गएको अवस्थामा यस क्षेत्रलाई बचाउन पनि मिल्नुको विकल्प नभएको भन्ने पक्षमा संघबाट राजीनामा दिएकाहरू देखिन थालेका छन् ।

असन्तुष्ट पक्षसँग संवादको क्रममा सबैजना फर्किन तयार रहेको संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले बताए । समय परिस्थिति मिल्नासाथ सबैजना फर्किने देखिएको उनको भनाइ छ । 'जे-जे हुने भयो अब घर फर्कौं भन्ने अभियानमा सबै जनाले घर फर्कन्छौं भन्नुभएको छ,' उनले भने, 'अस्ति नबुझेर झगडा परिहाल्यो अब कसरी एकैचोटि फर्किहाल्ने भनेर होला । अब समय, साइत मिलेपछि उहाँहरू आइहाल्नुहुन्छ ।'

> परिस्थिति प्रतिकूल भएको कारणले एकजुट भएरै व्यवसायीका समस्या समाधान गर्नुपर्ने अवस्था बनेको छ । अध्यक्षले आफ्नो कार्यशैलीचाहिँ सुधार्नपर्‍यो । त्यसका लागि फेरि उहाँसँग बसेर छलफल गर्छौं ।
>
> ■ **वैकुण्ठ पौडेल**
> तृतीय उपाध्यक्ष

> सबै जनाले घर फर्कन्छौं भन्नुभएको छ । अस्ति नबुझेर झगडा परिहाल्यो अब कसरी एकैचोटि फर्किहाल्ने भनेर होला । अब समय, साइत मिलेपछि उहाँहरु आइहाल्नुहुन्छ ।
>
> ■ **देवकुमार खोखाली**
> द्वितीय उपाध्यक्ष

क्रमशः पृष्ठ २ मा

### इजाजतविना सञ्चालित म्यानपावर 'सिल'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले इजाजतविना सञ्चालित ग्लोबल ह्युमन रिसोर्सेस एण्ड रिक्रुटमेन्ट कन्सलटचान्ट एजेन्सी सर्भिस सेन्टर प्रालि नामको म्यानपावरको कार्यालय सिल गरेको छ । विभागले बुधबार एक सूचना जारी गर्दै कानुनबमोजिम इजाजतपत्र नलिई सञ्चालन भइरहेको पाइएपछि थप अनुसन्धान आवश्यक भएकाले सिल गरिएको जानकारी दिएको छ ।

पुरानो बानेश्वरमा रहेको उक्त संस्थाले विनाइजाजत सर्वसाधारणबाट वैदेशिक रोजगारीको नाममा अवैधरूपमा रकम संकलन गरेको जानकारी पाएपछि विभागको शीघ्र प्रत्युत्तर टोलीले मंगलबार अनुगमन गरेको विभागको भनाइ छ । संस्थामा भएका शंकास्पद कामकारवाहीका सम्बन्धमा थप अनुसन्धान तथा तहकिकात आवश्यक भएकाले कम्पनी बन्द गरिएको विभागले जनाएको छ ।

## प्रधानन्यायाधीश नियुक्तिका लागि बस्दै संवैधानिक परिषद् बैठक

- संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी भएपछि आज परिषद् बैठक बस्दै
- सर्वोच्चमा रिक्त प्रधानन्यायाधीश नियुक्तिको निर्णय गर्ने तयारी
- प्रधानन्यायाधीशका लागि न्याय परिषद्द्वारा छ जना वरिष्ठतम् न्यायाधीशको नाम सिफारिस
- यसपटक वरिष्ठ न्यायाधीशलाई प्रधानन्यायाधीश बनाउने परम्परा तोडिने संकेत
- छैटौं वरीयतामा रहेका न्यायाधीश तिलप्रसाद श्रेष्ठ नयाँ प्रधानन्यायाधीश बन्ने चर्चा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले संवैधानिक परिषद्को बैठक बोलाएका छन् । परिषद्को अध्यक्षसमेत रहेको उनले आज बेलुकी ५ बजेका लागि बैठक बोलाएका हुन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा बस्ने बैठकको मुख्य एजेण्डा सर्वोच्च अदालतमा रिक्त प्रधानन्यायाधीश नियुक्ति रहेको छ ।

मंगलबार संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी भएपछि प्रधानमन्त्री शाहले प्रधानन्यायाधीश नियुक्तिका लागि परिषद्को बैठक बोलाएका हुन् । बैठकमा प्रधानमन्त्री शाहसँगै प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल, प्रमुख विपक्षी नेता भीष्मराज आङ्देम्बे, कानुनमन्त्री सोविता गौतम र प्रतिनिधिसभाकी उपसभामुख रुबीकुमारी ठाकुर सहभागी हुने छन् ।

क्रमशः पृष्ठ २ मा

### पूर्वविशिष्टविरुद्ध पत्राउ पुर्जी जारी गर्न अस्वीकार

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले सार्वजनिक जग्गा जथाभावी बाँड्ने काममा संलग्न रहेको भन्दै पूर्वप्रधानमन्त्रीदेखि पूर्वमुख्यसचिवलाई तत्काल पक्राउ पुर्जी जारी गर्नुपर्ने मागसहित दायर रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

कायममुकाम प्रधानन्यायाधीश सपना प्रधान मल्लसहितको संवैधानिक इजलासले उक्त रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । इजलासले सरकारको नाममा कारण देखाऊ आदेश जारी गरेको छ ।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## एकताको प्रयासमा...

पुस मसान्तमा भएको विशेष महाधिवेशनमा १३४ सदस्यीय केन्द्रीय समिति गठन गरिएको थियो। संशोधित विधानअनुसार सभापतिलाई ६१ जना केन्द्रीय सदस्य मनोनीत गर्ने अधिकार छ। जसमा असन्तुष्ट पक्षकालाई ल्याउन सभापति थापाले अधिकतम प्रयास गरिरहेको महामन्त्री प्रदीप पौडेलले बताए। सोही कारण केन्द्रीय समितिलाई पूर्णता दिनसमेत ढिलाइ भइरहेको उनको भनाइ छ।

कांग्रेसले असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा १५औं महाधिवेशन गर्ने निर्णय गरिसकेको छ। यसलाई एकताको महाधिवेशन बनाउन कोइरालापक्षले आग्रह गरेको छ। देउवा समूहका नेताहरू भने थापा नेतृत्वको कार्यसमितिमा समेटिन तयार देखिएका छैनन्। जसका कारण महाधिवेशन पछि धकेलिने निश्चित भएको कांग्रेसका एक पदाधिकारीले बताए। 'महाधिवेशन तोकिएको समयमा नहुने निश्चित भइसक्यो। कार्याकर्ताको मन मिलेको छैन। नेता-नेताबीच महाधिवेशन गरेर भएन,' एक पदाधिकारीले भने।

उनका अनुसार प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधिलगायत नेताहरू थापा नेतृत्वको कांग्रेसमा आउन इच्छुक देखिएका छैनन्। सिटौलालाई हालै राष्ट्रिय सभाको संसदीय दलको नेताबाटसमेत थापाले हटाएका छन्। उनीहरूले विभिन्न गतिविधि गरी नयाँ पार्टी गठनको तयारी गरिरहेका छन्। यसैले पनि यस्तो गतिविधि रोक्न आग्रह गर्न सभापति थापा र उपसभापति शर्मा पूर्वउपसभापति खड्कालाई भेट्न पुगेको बताइएको छ।

अहिले खड्काले देउवा समूहको नेतृत्व गरिरहेका छन्। देउवाले खड्कालाई अबको सभापतिको उम्मेदवारको रूपमा अघि बढाएको बताइन्छ। 'अब खड्का नै सभापतिको दाबेदार हो। देउवाले उहाँलाई नै अघि सार्नुभएको छ,' देउवाको सचिवालयका एक सदस्यले भने। देउवा भने उपचारका लागि भन्दै निर्वाचन अघि फागुन १३ बाट देशबाहिर छन्। सुरुमा सिंगापुर पुगेका भनिएका उनी हङकङ पुगेको उनको सचिवालयले जनाएको छ। हङकङमा देउवा दम्पतीसँगै देखिएको भिडियो आएपछि उनको सचिवालयले प्रेस नोट जारी गरी त्यहाँ पुगेको जनाएको थियो।

### भेलाको तयारीमा देउवा समूह

पूर्वसभापति देउवा समूहले पार्टीलाई एकताबद्ध बनाउन भन्दै बागमती प्रदेशस्तरीय भेला आयोजना गर्ने भएको छ। नेता प्रकाशमन सिंहको निवास चाक्सीबारीमा बुधबार भएको प्रदेशस्तरीय नेताहरूको छलफलले उक्त निर्णय गरेको हो। प्रदेशस्तरीय भेला वैशाख ३० गते काठमाडौंमा हुने बताइएको छ। चाक्सीबारी भेलामा सिंह, नेताहरू प्रकाशशरण महत, मोहन बस्नेतलगायत सहभागी थिए। यसअघि शेखर पक्षले पनि बागमती प्रदेशस्तरीय छलफल गरेको थियो।

■■■

## पूर्वप्रधानमन्त्री देउवा...

उनका अनुसार त्यसपछि आवश्यक कानुनी तथा कूटनीतिक प्रक्रिया पूरा गरी नेपाल फर्काउने सम्भावना रहन्छ। तर, देउवा दम्पतीको हकमा यी सबै प्रक्रिया हालका लागि अवरुद्ध भएको छ।

यद्यपि, देउवा दम्पतीविरुद्ध अनुसन्धान भने रोकिएको छैन। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले संयुक्तरूपमा अनुसन्धानलाई निरन्तरता दिइरहेका छन्। आवश्यक प्रमाण संकलन, वित्तीय कारोबारको विश्लेषणजस्ता काम अहिले भइरहेको बताइएको छ। स्रोतका अनुसार देउवाका नातेदार प्रदीप शमशेर जबरा, भूषण राणा र छोरा जयवीर देउवालगायतको कारोबारबारेसमेत अनुसन्धान भइरहेको छ। यसअघि देउवापत्नी आरजु नक्कली भुटानी शरणार्थी प्रकरणमा पनि जोडिएकी थिइन्। नेपाल टेलिकमको बिलिङ अनियमितता प्रकरणमा तत्कालीन सञ्चार सचिव डा. बैकुण्ठ अर्यालमार्फत भएको विवादास्पद निर्णयपछिको कारोबारलाई पनि शंकास्पदरूपमा हेरिएको छ।

देउवा दम्पतीमाथि गत वर्षको २३ र २४ भदौमा भएको जेन-जी विद्रोहको क्रममा आन्दोलनकारीबाट बूढानीलकण्ठस्थित आफ्नै निवासमा कुटपिट भएको थियो। सोही आन्दोलनमा उनीहरूको निवासमा आगजनी भएको थियो। त्यही बेला उनको घरमा जलेका नोटहरू भेटिएको थियो। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको टोलीले नोटहरू संकलन गरेर अनुसन्धान थालेको थियो। यस्तोमा सम्पत्ति छानबिन गर्न भन्दै विभागले उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो।

■■■

## नेतृत्वले कार्यशैली...

केहीले भने आज भोलिमै विवाद समाधान हुने नदेखिएको र अझै १०-१५ दिन लाग्ने बताएका छन्। संघका अध्यक्ष गुरुङको गतिविधि व्यक्तिकेन्द्रित भएकाले अपेक्षित काम गर्न नसकिएको भन्दै संघका सात पदाधिकारीमध्ये पाँच जना र १० सदस्यमध्ये छ जनाले हस्ताक्षर गरी सामूहिक राजीनामा बुझाएका थिए। गत वैशाख १४ गते राजीनामा बुझाउँदै नयाँ नेतृत्व चयन गर्नुपर्ने उनीहरूको माग थियो।

संघको २१ सदस्यीय कार्यसमितिमा ११ जनाले राजीनामा बुझाएपछि अध्यक्ष गुरुङ समस्यामा परेका थिए। यद्यपि, राजीनामा बुझाएको भोलिपल्टै सदस्यहरू हिमा गुरुङ र कृष्ण ढकाल संस्थापनपक्षमा फर्किएपछि गुरुङको पक्षमा बहुमत बनेको थियो। हाल असन्तुष्ट पक्षमा नौ जना र संस्थापन पक्षमा १२ जना देखिएका छन्। संघका पूर्वअध्यक्ष, सल्लाहकारलगायतसँगको छलफलपछि अध्यक्ष गुरुङले आत्मालोचना गर्दै राजीनामा दिएकाहरूलाई आफ्नो जिम्मेवारीमा फर्कन वैशाख १७ गते पत्राचार गरेका थिए। यद्यपि, उनले उक्त पत्रमा व्यक्त गरेको भाषाको शैलीले जिम्मेवारीमा फर्किंदा अप्ठ्यारोमा परिने हो कि भन्ने द्विविधामा असन्तुष्ट पक्ष देखिएको छ। अध्यक्ष गुरुङले असन्तुष्ट पक्षलाई पठाएको पत्रमा आफूलाई अनावश्यक आरोप लगाएकाले त्यसप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै संघमा फर्किन आग्रह गरिएका थिए।

■■■

## प्रधानन्यायाधीश...

संवैधानिक व्यवस्था अनुसार प्रधानन्यायाधीश सिफारिस गर्ने प्रक्रियामा कायममुकाम प्रधानन्यायाधीश भने सदस्यको रूपमा सहभागी हुन पाउँदैनन्। त्यसैले वर्तमान कायममुकाम प्रधानन्यायाधीश सपना प्रधान मल्ल आजको बैठकमा सहभागी हुने छैनन्।

नेपालको संविधानको धारा १२९ (३) मा सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीश बन्न योग्य हुने उल्लेख छ। तर, व्यवहारमा भने वरिष्ठतम् न्यायाधीशलाई नै प्रधानन्यायाधीश बनाउने परम्परा रहँदै आएको छ। यसपटक यो परम्परा तोडिने अपेक्षा गरिएको छ। प्रधानमन्त्री शाहले यसअघि जारी भएको शासकीय सुधारका १०० कार्यसूचीमा न्यायालय सुधारको बुँदा उल्लेख भएको र यसपटक प्रधानन्यायाधीश नियुक्तिमा नयाँ अभ्यास गर्ने तयारी गरेको चर्चा भइरहेको छ। प्रधानन्यायाधीश नियुक्तिका लागि न्याय परिषद्ले केही समयअघि नै योग्य ठहर गरेका न्यायाधीशहरूको सूची संवैधानिक परिषद्मा पठाइसकेको छ। उक्त सूचीमा कायममुकायम प्रधानन्यायाधीश मल्लसहित न्यायाधीशहरू कुमार रेग्मी, हरि फुयाल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठ रहेका छन्।

स्रोतको दाबीमा वरिष्ठतम् न्यायाधीशको वरीयता क्रममा छैटौं स्थानमा रहेका न्यायाधीश श्रेष्ठलाई प्रधानन्यायाधीश बनाउन प्रधानमन्त्री शाहले तयारी गरेका छन्। यद्यपि, अन्य आकांक्षीहरूले पनि दौडधुप गरिरहेका छन्। यदि, परम्परा तोडिएन भने पहिलो वरीष्यतामा रहेकी मल्ल स्वतः प्रधानन्यायाधीश बन्ने छिन्। तर, पार्टीगत कोटाबाट नियुक्त भएकालाई प्रधानन्यायाधीश बनाउने पक्षमा प्रधानमन्त्री छैनन्। त्यसकारण दलीय भागबण्डाबाहिरबाट न्यायाधीश बनेका श्रेष्ठ नै प्रधानमन्त्री शाहको रोजाइमा परेको बताइन्छ।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा.डा. विजयप्रकाश मिश्रका अनुसार यसअघि एक पटकमात्रै वरीयता मिचेर प्रधानन्यायाधीश नियुक्ति भएको छ। देशमा राणा शासन ढलेर प्रजातन्त्र स्थापना भएपछि हरिप्रसाद प्रधानलाई प्रधानन्यायाधीश नियुक्ति गरिएको र उनीपछि कहिल्यै पनि वरीयता नमिचिएको मिश्र बताउँछन्। कतिपय कानुन व्यवसायीहरूले भने यदि यसपटक वरिष्ठता मिचियो भने त्यसले न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र संस्थागत स्थायित्वमा दीर्घकालीन प्रभाव पार्ने चिन्ता प्रकट गरिरहेका छन्।

■■■

## पूर्वविशिष्टविरुद्ध...

जथाभावी सरकारी जग्गा बाँड्ने काममा संलग्न भन्दै पूर्वप्रधानमन्त्रीदेखि पूर्वमुख्यसचिवलगायत राज्यका विशिष्ट पदाधिकारीविरुद्ध पक्राउ पुर्जी जारी गर्न माग राख्दै भेषराज लुइँटेललगायतले सर्वोच्चमा रिट दायर गरेका थिए। सर्वोच्चले रिट निवेदकहरूको मागबमोजिम आदेश दिन अस्वीकार गरेको हो। यससँगै पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल, डा. बाबुराम भट्टराईलगायत पूर्वविशिष्ट पदाधिकारीलाई मन्त्रिपरिषद् बैठकबाट निर्णय गरेर सार्वजनिक जग्गा जथाभावी बाँड्ने कार्यमा संलग्न भएको आरोपमा तत्काल पक्राउ गर्न नपाइने भएको छ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०८/११ मा दर्ता भएको **प्रा. लि. नं. ३२३८१५** को **डिजिटल उन्नति प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/२४ गते**
यस कम्पनीको मिति २०८३/०१/०२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सिन्दो न्हाल्दो ट्रेडिङ प्राइभेट लिमिटेड**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सिन्दो न्हाल्दो अटो मोबाएल ट्रेडिङ प्राइभेट लिमिटेड (प्रा.लि.नं. १६९८५१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

---

**घामखेती गुरु कम्पनी लिमिटेड (साविक नाम घामखेति प्रा.लि.)**
**काठमाडौं म.न.पा. ११ काठमाडौं,**

**बार्षिक साधारण सभामा सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०८३/०१/२३ गते बसेको संचालक समितको बैठकको निर्णय बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न बिषयमा छलफल तथा निर्णय गर्न निम्न स्थान, समय र मितिमा वस्ने भएको हुदा कम्पनी ऐन २०६३ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८३/०१/३०
समय : बिहान ११ वजे,
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली

**छलफलका प्रस्तावहरू:**

१. सभाका अध्यक्षज्यूबाट प्रस्तुत यस कम्पनीको आ.व. २०८१/२०८२ आषाढ मसान्तसम्मको प्रगति प्रतिबेदन सम्बन्धमा।
२. आ.व. २०८१/२०८२ को लेखा परिक्षणको प्रतिबेदन सम्बन्धमा।
३. आगामी आ.व. २०८२/२०८३ को लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा।
४. विविध।

**संचालक समितिको आज्ञाले,**
**प्रबन्ध संचालक**
**मुकेश बाबु कार्की**

---

**श्री सूर्योदय खाद्य उद्योग लिमिटेड (साविक नाम भर्गो एग्रो इण्डष्ट्रिज)**
**काठमाडौं म.न.पा. ११ काठमाडौं,**

**बार्षिक साधारण सभामा सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०८३/०१/२३ गते बसेको संचालक समितको बैठकको निर्णय बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न बिषयमा छलफल तथा निर्णय गर्न निम्न स्थान, समय र मितिमा वस्ने भएको हुदा कम्पनी ऐन २०६३ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८३/०१/३०
समय : बिहान ११ वजे,
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली

**छलफलका प्रस्तावहरू:**

१. सभाका अध्यक्षज्यूबाट प्रस्तुत यस कम्पनीको आ.व. २०८१/२०८२ आषाढ मसान्तसम्मको प्रगति प्रतिबेदन सम्बन्धमा।
२. आ.व. २०८१/२०८२को लेखा परिक्षणको प्रतिबेदन सम्बन्धमा।
३. आगामी आ.व. २०८२/२०८३ को लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा।
४. विविध।

**संचालक समितिको आज्ञाले,**
**प्रबन्ध संचालक**
**मुकेश बाबु कार्की**

---

## राष्ट्रियस्तरका १२ ट्रेड युनियनको दर्ता खारेज

**काठमाडौं (प्रस)**– सरकारले निजामती सेवा र स्वास्थ्य सेवाका राष्ट्रियस्तरका १२ वटा ट्रेड युनियनको दर्ता खारेज गरेको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले बुधबार नेपाल निजामती सेवा ऐन, २०७४ अनुसारका आठ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गतका चार वटा ट्रेड युनियनको दर्ता खारेज गरेको हो।

निजामतीअन्तर्गतका नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल स्वास्थ्यकर्मी संघ, मधेसी स्वास्थ्यकर्मी फोरम नेपाल, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपालको दर्ता खारेज भएको छ।

## समस्याग्रस्त सहकारीका ठूला ऋणीहरूको नाम सार्वजनिक

**काठमाडौं (प्रस)**– समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त सहकारीका ठूला ऋणीहरूको नाममा सार्वजनिक गर्न सुरु गरेको छ।

समितिका अनुसार बुधबार समस्याग्रस्त घोषित १० वटा सहकारीका ठूला ऋणीहरूको नाम सार्वजनिक गरिएको छ। अन्य समस्याग्रस्त सहकारीका ठूला ऋणीका नाममा क्रमशः सार्वजनिक गर्ने समितिले जनाएको छ।

समितिले सूचना जारी गर्दै सम्बन्धित ऋणीहरूले यथाशीघ्र समितिको कार्यालयमा सम्पर्क गरी ऋण चुक्ता गर्न निर्देशन दिँदै अन्यथा कानुनबमोजिम असुली गरिने जनाएको छ। अन्य ऋणीहरूको नामावलीसमेत क्रमिकरूपमा प्रकाशित हुने भएकाले त्यस्ता ऋणीहरूले पनि कार्यालयमा यथाशीघ्र सम्पर्क गरी ऋण तिर्न आग्रह गरेको छ।

समितिले बुधबार घेदुङ बहुउद्देश्यीय सहकारी, हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी, तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी, नागरिक कल्याण बहुउद्देश्यीय सहकारी, आइडियल यमुना बहुउद्देश्यीय सहकारी, तुलसी बहुउद्देश्यीय सहकारी, नेपाल वित्तीय सहकारी, ओरियन्टल कोअपरेटिभ सहकारी, गौतम श्री सहकारी र नेपाल सहकारी वित्तीयका ठूला ऋणीका नाम सार्वजनिक गरेको छ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तेस्रो पटक प्रकाशित मिति : २०८३/०१/२४ गते**
यस कम्पनीको मिति २०८३/०१/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **चिल्ड्रेन प्याराडाईज ईङ्गलीस मिडीयम वोर्डिङ स्कूल वाँके** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **चिल्ड्रेन प्याराडाईज ईङ्गलीस मिडीयम सेकेन्डरी स्कूल वाँके (प्रा.लि.नं. ४३५३८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७९/०४/२५ मा दर्ता भएको **प्रा. लि. नं. २९६००७** को **कालिका होम अप्लाएन्सेस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, २४ वैशाख, २०८३**

| | |
|---|---|
| **मेष** | मेहनतको राम्रो फल मिल्नेछ। आर्थिक लाभ हुन सक्छ। |
| **वृष** | सानो गल्तीले तनाव दिन सक्छ। सोचेर मात्र निर्णय गर्नुहोस्। |
| **मिथुन** | काममा व्यस्तता बढ्नेछ। तर उपलब्धि पनि राम्रो हुनेछ। |
| **कर्कट** | परिवारबाट सहयोग मिल्नेछ। मन शान्त र सकारात्मक रहनेछ। |
| **सिंह** | मन खुसी रहनेछ। प्रेम र सम्बन्धमा सुधार आउनेछ। |
| **कन्या** | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ। नयाँ योजना अघि बढ्नेछ। |
| **तुला** | चुनौती आए पनि पार गर्न सकिनेछ। आत्मविश्वास बढ्नेछ। |
| **वृश्चिक** | सोचेर अघि बढ्नु राम्रो हुनेछ। अनावश्यक खर्चबाट बच्नुहोस्। |
| **धनु** | काममा सफलता मिल्नेछ। नयाँ अवसरले उत्साह बढाउनेछ। |
| **मकर** | आर्थिक पक्ष सुधार हुने संकेत छ। धैर्यले राम्रो नतिजा दिनेछ। |
| **कुम्भ** | यात्राको सम्भावना देखिन्छ। नयाँ अनुभवले फाइदा दिनेछ। |
| **मीन** | नेतृत्व क्षमताले सफलता दिलाउनेछ। सम्मान प्राप्त हुने दिन छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ वैशाख, २०८३ (७ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.८५ | १५२.४५ |
| युरो | १ को | १७७.६८ | १७८.३८ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.६५ | २०६.४६ |
| स्विस फ्रैन्क | १ को | १९३.७० | १९४.४६ |
| अस्ट्रेलियन डलर | १ को | १०९.०४ | १०९.४७ |
| क्यानाडियन डलर | १ को | १११.५६ | ११२.०० |
| सिङ्गापुर डलर | १ को | ११९.०० | ११९.४७ |
| जापानी येन | १० को | ९.६६ | ९.७० |
| चिनियाँ युआन | १ को | २२.२३ | २२.३२ |
| साउदी अरब रियाल | १ को | ४०.४८ | ४०.६४ |
| कतारी रियाल | १ को | ४१.६६ | ४१.८२ |
| थाई भाट | ख १ को | ४.६५ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.३४ | ४१.५१ |
| मलेसियन रिङेट | १ को | ३८.४१ | ३८.५७ |
| दक्षिण कोरियन वन | १०० को | १०.३१ | १०.३५ |
| स्विडिस क्रोनर | १ को | १६.३९ | १६.४५ |
| डेनिस क्रोनर | १ को | २३.७८ | २३.८७ |
| हङकङ डलर | १ को | १९.३९ | १९.४६ |
| कुवेती दिनार | १ को | ४९५.७६ | ४९७.७१ |
| बहराइन दिनार | १ को | ४०२.१५ | ४०३.७३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

अन्तर्राष्ट्रिय मञ्चमा डा. ढकालको प्रस्तुति

# स्वास्थ्य सेवालाई समुदायस्तरमा विकेन्द्रित गर्नुपर्नेमा जोड




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका युवा स्वास्थ्य उद्यमी तथा हेल्थ एट होमका फाउण्डर डा. विशाल ढकालले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो नवीन अवधारणा प्रस्तुत गर्दै घरघरमै स्वास्थ्य सेवा विस्तारको आवश्यकता औंल्याएका छन् ।

रुसको नेसनल सेन्टरले अप्रिल २८ देखि ३० सम्म आयोजना गरेको खुला संवादः 'विश्वको भविष्य, विश्वव्यापी वृद्धिका लागि एक मञ्च' कार्यक्रममा नेपालबाट प्रतिनिधित्व गर्दै सहभागी भएका ढकाल निबन्ध प्रतियोगितामार्फत छनोट भएका थिए । करिब ५० देशको सहभागिता रहेको सो कार्यक्रममा ४५ देशका प्रतिनिधिले आफ्नो दृष्टिकोण प्रस्तुत गरेका थिए । अमेरिका, अफ्रिका, अस्ट्रेलिया तथा एसियाका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व भएको उक्त मञ्चलाई विश्वव्यापी नीति संवादका रूपमा हेरिएको छ ।

कार्यक्रममा विश्वभरका अर्थशास्त्री र विज्ञहरूले मानव पुँजी, प्रविधि, वातावरण र सञ्चारमा लगानीका चार मुख्य विषयमा छलफल गरेका थिए । उनीहरूले नयाँ वैश्विक विकास मोडेलको आधार खोज्नेगरी छलफल गरेको आयोजकले जनाएको छ । उत्कृष्ट निबन्धमार्फत छनोट भएका सहभागीहरूले आफ्ना प्रस्ताव प्रस्तुत गरेका थिए, कार्यक्रमको निष्कर्षलाई 'ओपन रिपोर्ट'का रूपमा आगामी नीति र रणनीतिका लागि प्रयोग गर्ने जनाइएको छ ।

नेपालबाट सहभागिता जनाएका डा. ढकालले मानव पुँजीसम्बन्धी सार्वजनिक स्वास्थ्यमा नवप्रवर्तन, नवीन धारणामार्फत घरमै स्वास्थ्य सेवा, मानिसको बढ्दो उमेर र राज्यले बहस गर्नुपर्ने ठूलो धनराशी कसरी कम गर्न सकिन्छ भन्ने विषयमा कार्यपत्र पेस गरेका थिए । कार्यक्रममा ढकालले हेल्थ एट होमलाई कसरी 'स्टार्टअप'को रूपमा विकास गर्न सकिन्छ ? यसलाई व्यावसायिक ढंगले अघि बढाउँदै राज्यलाई कसरी नीतिगत तहमा काम गर्न बाध्य पार्न सकिन्छ भन्ने विषयमा कार्यपत्रमा विस्तृतरूपमा व्याख्या गरेका थिए ।

ढकालले विश्वव्यापीरूपमा देखिँदै गएको जनसंख्याको वृद्धिदर तथा तीव्र डेमोग्राफिक परिवर्तनले सार्वजनिक स्वास्थ्य क्षेत्रमा नयाँ चुनौती थपिरहेको उल्लेख गरे । राज्यलेमात्र यी चुनौती धान्न कठिन हुने बताउँदै उनले घरघरमै स्वास्थ्य सेवा पुऱ्याउने मोडेललाई दीर्घकालीन समाधानका रूपमा प्रस्तुत गरे । उनका अनुसार स्वास्थ्य सेवालाई विकेन्द्रित गरी समुदायमै उपलब्ध गराउन सकेमात्र आगामी संकटलाई न्यूनीकरण गर्न सकिने छ ।

रुसमै चिकित्सा शिक्षा हासिल गरेका ढकालले आफूले अध्ययन गरेको विश्वविद्यालयमा पुगेर पनि आफ्नो अनुभव र अवधारणा व्यक्त गरेका थिए । त्यहाँ उनले सिकेको ज्ञान र नेपालमा अभ्यास गरिरहेको हेल्थ एट होम मोडेलबीचको सम्बन्धबारे प्रकाश पार्दै स्थानीय आवश्यकताअनुसार नवप्रवर्तनमा जोड दिएका दाबी गरे ।

जनकपुरमा जन्मिएका ढकालले प्रारम्भिक शिक्षा नेपालमै हासिल गरेपछि रुसबाट चिकित्सा अध्ययन पूरा गरेका हुन् । पाकिस्तानको लाहोरमा कार्डियाक सर्जरी अध्ययन गर्दै गर्दा उनी नेपाल फर्किएर हेल्थ एट होम स्थापना गरेका थिए ।

---

## कुवेतमा रोजगार

कम्पनी : LULU CENTER HYPER MARKET

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341165 | चलानी नं. ६०२५४९३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker/Packer | 50 | 10 | 110 | ५४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

---

## मलेसियामा रोजगार

कम्पनी : CHIAT HIN ENVELOPE MANUFACTURER

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341511 | चलानी नं. ६०२५४८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehousemen | 8 | 0 | 1700 | ६५,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SEA GULL FROZEN FOODSTUFFS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341542 | चलानी नं. ६०२५४९६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 4 | 4 | 1700 | ६५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

---

**मुक्तिनाथ कृषि कम्पनी लि.**
**MUKTINATH KRISHI COMPANY LTD.**
An Associate Company of Muktinath Bikas Bank

Basundhara Ringroad, Kathmandu
info@muktinathkrishi.com
+977-01-4950097 / 980-2350125

## REQUEST FOR EXPRESSION OF INTEREST (EOI)

**MUKTINATH KRISHI COMPANY LTD. Invites expression interest (EOI) from new potential supplier/Vendors for enlistment to supply various goods and services categorized below for FY 2083/084, must be submitted on or before Jestha 05, 2083.**

| S.No | Category | Sub Category |
|---|---|---|
| 1. | Printing & Stationery | • General printing including Note Book, Promotional Materials, etc.<br>• Pre-Printing stationeries ATM-related Blank Card's Supply, Punching & Pin mailer Prints & Supply<br>• Stationery Goods-Photocopy & Continuous Paper, Receip, Bharpai, Requisition, etc.<br>• Printer Toner, Printer Ribbon & Printing Cartridge<br>• Staff Identity, Blank Card, Card Holder, and Printing Works. |
| 2. | Furniture & Security Equipment | • Metal Furniture-Defender Safe, Fire Proof Filling Cabinet, Safe, Locker, Vault Room door & Skeleton racks, Filling Cupboard, Ordinary metal Filling cabinet, steel cabinet with transparent glass swing door,cash boxes, chairs, etc.<br>• Wooden furniture |
| 3. | Computer & Accessories & Allied Products | • Hardware - Component inclusive Desktop Computer, Laptop, Monitor, Printer, Server, Router, Laser Printer, Dot Matrix Printer, Card Embossing Machine, Scanner, Firewall Devices, Parts & , CCTV Camera DVR & other accessories, Alarm System, Hub Switch, etc.<br>• Accessories: External HDD, Internal HDD Key Board Mouse, Dongles, Network Cables, etc.<br>• AMC: AMC of Computer Hardware, Software, UPS, Printer, MICR Printer, CCTV system, connectivity, MICR scanner, air-conditioners, electrical repair & maintenance, etc. |
| 4. | Office Equipment | • AMC: AMC of Computer Hardware, Software, UPS, Printer, MICR Printer, CCTV system, connectivity, MICR scanner, air-conditioners, electrical repair & maintenance, etc.<br>• UPS System, Stabilizer, Generator, Solar System, Air Conditioners, etc. |
| 5. | Construction / Renovations and Engineering Services | • Collateral Valuation Services (Existing Valuators do not require to apply for the further listing process)<br>• Interior Construction, Branch Renovation & Similar Project Works.<br>• Consulting firm for other service. |
| 6. | Insurance Services | • Goods, Stock, Warehouse, Bulgarian, Theft, and other related subjects.<br>• Official Fixed Assets: Fire, Electrical Shot, Natural Disaster, Bulgarian, and other related subjects.<br>• Staff: Accidental and Medical insurances, Life Insurance |
| 7. | Human Resource Suppliers and Training / Consulting | • Security Guard, Drivers, Office Cleaners, Messengers, etc.<br>• HR Consulting and Training Providers |
| 8. | Consulting and Training Firm/Institution | • Research and Development Consultancy<br>• Financial Consultancy |
| 9. | Vehicle, Spares, and Services | • Vehicle (2 wheeler - 4 wheeler)<br>• Spare parts (2 wheeler - 4 wheeler)<br>• Services (2 wheeler - 4 wheeler) |
| 10. | Repair & Maintenance Services & AMC Related Works | • AMC of Computer Hardware, Software, UPS, Printer, MICR Printer, CCTV system, connectivity, card embossing printer, air-conditioners, electrical repair & maintenance etc.<br>• Repair and maintenance furniture<br>• Maintenance & Repair of Generator, Desktop, Laptop, CCTV, UPS, Stabilizer, Air-conditioner<br>• Repair and maintenance Allied Products (Electrical) |
| 11. | Other Services | • Air Ticketing (Domestic & International)<br>• Advertising Agency (Designing, Release, etc.)<br>• Plumbing, Electrical, Carpentry Works<br>• Domestic and International Courier Services/Transportation of goods<br>• Supply and Installation of Sign/Glow/Flex Boards (Backlit & Poly sheets) etc.<br>• Drinking-Water Suppliers<br>• Daily needs grocery kitchen items<br>• Decoration Services and Suppliers of flower indoor plants<br>• Waste Management<br>• Agriculture related product And services. |

Firms/Companies/Suppliers having at least 1 years of experience in related fields may submit their EOI form including following documents.

- Firm/Company Registration Certificate (With Validity)
- PAN/VAT Certificate
- Copy of Tax Clearance
- Audited Balance Sheet
- Company Profile with reference letters from present clients

Note: Our listed Vendors/Suppliers for Fiscal year 2082/83 who have been facilitating their goods and services. However, they shall submit updated document within stipulated time. Please contact Admin department for any queries.

---

### माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८२/१०/१० गतेका दिन काठमाडौं, बसुन्धरादेखि धापासीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

नामः मञ्जु कुमारी
क्रम सख्याः एम १६८१०८८
रजिष्ट्रेशन नं.:८१३२७१४७००३५
सम्पर्क नं.: ९८४९१४१७०५

### माइग्रेसन हराएको सूचना

मिति २०८२/१२/१५ गते काठमाडौं जिल्ला, बागबजारदेखि भक्तपुर जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : गरिमा यादव
रजिस्ट्रेसन.नं.: ७६१९०४११२
सिम्बोल नं.: २१९००६४५
ठेगाना : चक्रघट्टा-०९, खोरीया, सर्लाही
सम्पर्कः : ९८६५१०३४४

---

## ओमनमा रोजगार

कम्पनी : RUQAYA FOR MODERN BUSLNESS

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341516 | चलानी नं. ६०२५४९०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 0 | 4 | 170 | ६७,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

---

## कुवेतमा रोजगार

कम्पनी : Global Gifts General Trading and Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/०९/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 336730 | चलानी नं. ६०२५०२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 6 | 0 | 150 | ७४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Assistant. | 6 | 0 | 150 | ७४,०८० | | | | | | | |
| 3 | Cashier | 6 | 0 | 150 | ७४,०८० | | | | | | | |
| 4 | Barista | 6 | 0 | 150 | ७४,०८० | | | | | | | |

कम्पनी : NIELD CORNER LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 314946 | चलानी नं.६०२२९३००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 2 | 150 | ७४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURIST/PEDICURIST | 0 | 2 | 150 | ७४,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

---

### इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने अत्यन्त जरुरी सार्बजनिक सूचना

प्रकाशित मिति : २०८३/०१/२४

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिय समय सयममा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज हर्जाना लगायत अन्य दस्तुर आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखित तथा लिखित रुपमा तर ताकेता गरेको मिति २०८२/१२/१२ प्रभाव दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरि सकेको र हाल सहकारीको कर्जा/ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले आजको मितिमा १५ दिने सुचना प्रकाशित गरेको उक्त मिति सम्म पनि ऋण ब्याज चुक्ता नगरेमा मिना भण्डारी पाण्डेयको नाममा मिति २०८३/०२/०७ गतेका दिन प्रभाब दैनिक पत्रिकामा कर्जा/ब्याज चुक्ता गर्न आउने बारे ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिने छ । उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी भैं झमेला नभएको, नियमावली तथा यस सहकारीको कर्जा नीति र नियम बमोजिम धितो लिमामको सूचना प्रकाशित गरीने भएकोले तोकिएको समयभित्र संस्थामा उपस्थित भै कर्जा चुक्ता गर्नु हुन अनुरोध गरीन्छ । अन्यथा तपाईलाई सहकारी ऐन अनुसार कालो सुचीमा राखीने ब्यहोरा र तपाईको अन्य सम्पती रोक्का राखीने ब्यहोरा समेत अवगत गराउदछौं ।

**तपशिल**

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना |
|---|---|
| कर्जाको शिर्षक : ब्यबसायीक कर्जा<br>नाम : **मिना भण्डारी पाण्डेय**<br>बाबु : पुरुषेत्तम पाण्डेय<br>बाजे/ससुरा : यज्ञ प्रसाद भण्डारी<br>ठेगाना :तारकेश्वर, अर्यालतार ५  | १. राम शरन भण्डारी<br>का.म.न.पा. १६  |

**धितो सुरक्षण विवरणः** काठमाण्डौ जिल्ला, काभ्रेस्थली वडा नं. ५ स्थित श्री मिना भण्डारी पाण्डेयको नाममा रहेको कित्ता नं. २४७७ को क्षे.फ १२७.१६ भएको सम्पूर्ण घरजग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

**नोट :** यस संस्थाबाट कर्जा लिएर समय समयमा व्याज र किस्ता नवुझाएका ऋणी सदस्यहरु सबैलाई संस्थामा सम्पर्क गरी आफुले बुझाउनु पर्ने साँवा व्याज नियमित गर्नुहन अनुरोध गरिन्छ । अन्यथा यसैगरी पत्रिकामा सूचना प्रकाशित गरी आवश्यक कानूनी कार्वाही अगाडी बढाईने छ ।

**इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि**
काठमाण्डौं- बालाजु १६, फोन नं. ४९६५३०३/४९६३७७१
Email: eco.himal25@yahoo.com

---

### ऋण चुक्ता तथा धितोमा रहेको चल सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८३/०१/२४**

यस गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, का.म.न.पा ६ र ४, काठमाडौंबाट कर्जा लिनुभएका तपशिल बमोजिमका ऋणी सदस्य तथा सोमा धनजमानी र व्यक्तिगत जमानी बस्नु हुने सबै धनजमानी सदस्यहरूका लागि यो ३५ (पैतीस) दिने धितो लिलाम बिक्री सम्बन्धि अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपाईले यस संस्थाबाट लिनु भएको कर्जाको भाखा नाघेको, साँवा र व्याज बुझाउन नल्याउनु भएकोले पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत हाल संस्थालाई तिर्नु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत रकम बुझाउन नआउनु भएको हुँदा मिति २०८२ माघ १६ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धि ३५ (पैतीस) दिने अत्यन्त जरूरी सूचना, मिति २०८२/१२/०१ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धि **१५ (पन्ध्र)** र मिति २०८२/१२/२२ गते तेस्रो पटक ७ (सात)दिने अत्यन्त जरूरी सूचना प्रकाशित गर्दा समेत सो समय सीमा भित्र समेत ऋण तिर्न नआउनु भएको हुँदा यस संस्थामा धितोमा रहेको अचल सम्पत्ति बिक्री गर्न यो ३५ दिने लिलाम बिक्री सम्बन्धी अत्यन्त जरूरी सार्वजानिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिने भित्र यस संस्थाको कार्यालयमा सम्पर्क राखि बुझाउनु पर्ने साँवा र ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर सहितको सम्पूर्ण रकम चुक्ता गरी बुझाउनु होला अन्यथा तपाई ऋणी, धनजमानी दिने सदस्यको कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने लगायतका कानुनी कारबाही समेत अवलम्बन गरी यो सूचना प्रकाशित भएको ३६ औं दिन (सो दिन बिदा परेमा सो को भोलीपल्ट) धितोमा रहेको चल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने र लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको विनियमावली (२०८० बमोजिम ऋणी तथा धनजमानी कर्ता सदस्यको अन्य चल अचल सम्पत्तिबाट नखामेको बक्यौता रकम समेत असुल उपरको लागि कानुनमा व्यवस्था भएका अन्य कारवाहीहरु समेत गरी असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ । लिलाम सकार गरी लिन इच्छुक महानुभावहरूले यस सूचनालाई आधार मानी लिलाम प्रकृयामा सहभागी हुन आह्वान गरिन्छ । लिलामी प्रक्रियामा कोही सहभागी नभए वा लिलामी उपर संस्थालाई चित्त नबुझेमा प्रचलित कानुन बमोजिम संस्थाले आफै धितो सकार गरी लिन सक्ने छ । लिलाम, सकार गर्न दिने, नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहने छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ता | सवारीको मोडल |
|---|---|---|
| **नामः मनोज चौधरी**<br>बाबुः महेन्द्र चौधरी<br>बाजेः काली चौधरी<br>ठेगानाः सर्लैही जिल्ला साविक पीडरिया गा.वि.स वडा न.पा.४<br>हाल परिवर्तित कविलासी गा.पा २<br>हालको ठेगानाः का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं. ५ नयाबस्ती<br>ना.प्र.नं.१९३०६२/४८ सर्लाही<br>जारी मितिः २०६३/१२/२१  | **नामः जीतेन्द्र चौधरी**<br>ठेगानाः सर्लाही जिल्ला पडरीया गा.वि.स वडा न.पा. ४ परिवर्तित कविलासी गा.पा.२ | MAHINDRA MAHINDRA BOLERO CAMPER सेतो रङ भएको गाडी नं. बा ९ च ७५४८<br>इन्जिन नं.GGCLC85358<br>च्यासिस नं. MA12C4GGAC1C24129 |
| | **नामः मनोज कुमार चौधरी**<br>ठेगानाः सर्लाही जिल्ला पडरीया गा.वि.स वडा न.पा.५ हाल परिवर्तित कविलासी गा.पा १<br>हालको ठेगानाः का.जि. गोकर्णेश्वर नगरपालिका वडा नं.५ नयाँबस्ती | MAHINDRA MAHINDRA PICKUP<br>इन्जिन नं.GHD1G44607<br>च्यासिस नं. MA1ZL4GHK1G55418<br>गाडी नं. बा 10 च 9971<br>बनेको सालः 2013 |

**लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरूः**

१. सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्नु पर्नेछ ।
२. सवारी साधन खरिद गर्न पेश गर्नुपर्ने बोलपत्र फाराम यस संस्थाको प्रमुख कार्यालय धुम्बाराही, चण्डोलबाट रू ५००/- तिरी (फिर्ता नहुने गरी) प्राप्त गर्न सकिने छ ।
३. सवारी साधन खरिद प्रस्ताव फारम यस संस्थाको प्रमुख कार्यालय धुम्बाराही, चण्डोलमा मिति २०८३/०२/२७ गते सम्म पेश गर्न सकिने छ ।
४. सवारी साधनमा लाग्ने अन्य शुल्क जस्तै सवारी साधन कर, बिलबुक नविकरण शुल्क चालु आ.व. सम्मको बिमा लगायतको दस्तुर संस्थाले स्वयम् चुक्ता गरि लिलाम गर्नेछ तर नामसारी दस्तु बोलपत्रदाताले व्यहोर्नुपर्नेछ ।
५. खरिद गरी लिन चाहेको रकमको कम्तीमा १०% रकम संस्थाको सानिमा बैंक लिमिटेड, चुच्चेपाटी शाखामा रहेको खाता नंः ००९०१००१००००६२४ मा जम्मा गरी सो को सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संस्थामा निहित रहने छ । सो को कारण दिन संस्था बाध्य हुने छैन । साथै, खरीद गर्न चाहेको सवारी साधन सम्बन्धमा थप जानकारीको लागि एवम् अवलोकन गर्न चाहेमा कार्यालय समयभित्र यस संस्थाको प्रमुख कार्यालय धुम्बाराही, चण्डोलमा सम्पर्क गरी जानकारी लिन र अवलोकन गर्न सकिनेछ ।
७. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित यातायात कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ, संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
८. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**लिलामीको मिति, समय र स्थान :**
मितिः २०८३/०२/२८ गते, बिहीबार
स्थानः संस्थाको कार्यालय, धुम्बाराही
समयः विहान ११:०० बजे देखि दिउँसो ३:०० बजे सम्म
प्रतिनिधि उपस्थित हुने समयः दिउँसो २:४५ बजे

**गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
धुम्बाराही, चण्डोल काठमाडौं, फोन नं. ०१-४५२८९६६, ०१-४५३४०६६
Email : goretosave@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कर्मचारीतन्त्रमा नयाँ युगको संकेत

नेपालको सार्वजनिक प्रशासन लामो समयदेखि राजनीतिक हस्तक्षेप, ढिलासुस्ती र भ्रष्टाचारको चक्रव्यूहमा फसेको गुनासो नागरिकस्तरबाट बारम्बार उठ्दै आएको छ। सरकारी कार्यालयमा छिर्दा हुने कामका लागि पनि पहुँचवालाको साथ खोज्नुपर्ने वा घुस दिनुपर्ने विवशता नेपाली सेवाग्राहीका लागि नौलो होइन। यसै पृष्ठभूमिमा, सुशासनको मुख्य एजेण्डासहित आएको वर्तमान सरकारले निजामती र स्वास्थ्य सेवाका १२ वटा ट्रेड युनियनहरू खारेज गर्ने जुन साहसिक निर्णय लिएको छ, यसलाई सार्वजनिक प्रशासनको शुद्धीकरणका दिशामा एउटा कोशेढुंगा मान्न सकिन्छ।

हुन त, संगठन खोल्न पाउनु र आफ्ना हकहितका लागि आवाज उठाउनु संविधानप्रदत्त मौलिक अधिकार हो। तर, नेपालको सन्दर्भमा कर्मचारी संगठनहरू ट्रेड युनियनका रूपमाभन्दा पनि राजनीतिक दलका 'भ्रातृ संगठन'का रूपमा बढी सक्रिय देखिए। कार्यालय समयमा जनताको काम छोडेर दलीय झण्डामुनि भेला हुने, राजनीतिक दाउपेचका आधारमा सरुवा–बढुवामा दबाब दिने र भ्रष्टाचारमा संलग्न आफ्ना निकटका कर्मचारीलाई संरक्षण दिने प्रवृत्तिले कर्मचारीतन्त्रलाई निकै बदनाम बनाएको थियो। कार्यालय प्रमुखलेसमेत युनियनका नेताहरूसँग डराउनुपर्ने र जनचाहनाअनुसार काम गर्न नसक्ने अवस्थाको अन्त्य गर्न यो कठोर कदम अपरिहार्य देखिएको थियो।

सरकारले नेपाल निजामती कर्मचारी संगठन, निजामती कर्मचारी युनियन, स्वास्थ्यकर्मी संघलगायतका दलीय झुकाव भएका संस्थाहरू खारेज गरेर कर्मचारीलाई राजनीतिबाट 'लोकसेवा'तर्फ फर्काउने प्रयास गरेको छ। यस निर्णयसँगै अब सरकारी कार्यालयहरूमा दलगत राजनीति गर्ने थलोका रूपमा नभई शुद्ध सेवा प्रवाह गर्ने केन्द्रका रूपमा विकास हुने अपेक्षा गरिएको छ। वालेन्द्र शाहको नेतृत्वमा सरकारले थालेको निरन्तर 'फलोअप' र अनुगमनले कर्मचारीहरूलाई आफ्नो जिम्मेवारीप्रति जवाफदेही बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।

तर, युनियन खारेजी नै सुशासनको पूर्ण ग्यारेन्टी भने होइन। यो केवल एउटा संरचनागत सुधारमात्र हो। युनियन खारेज गरेपछि सिर्जना हुन सक्ने सम्भावित रिक्तता र कर्मचारीका असन्तुष्टिलाई सम्बोधन गर्ने जिम्मेवारी अब सरकारको काँधमा आएको छ। यदि कर्मचारीका जायज मागहरू, न्यूनतम सेवासुविधा र वृत्ति विकासका अवसरहरूलाई न्यायोचित ढंगले सम्बोधन गरिएन भने यसले कर्मचारीको मनोबल गिराउन सक्छ। कर्मचारीको मनोबल खस्किएमा त्यसको प्रत्यक्ष असर सेवा प्रवाहको गुणस्तरमा पर्ने छ।

अतः सरकारले एकातिर दलीय सिण्डिकेट तोड्ने कामलाई निरन्तरता दिनुपर्छ भने अर्कोतिर कर्मचारी प्रशासनलाई पूर्णतः 'मेरिटोक्रेसी' (योग्यताप्रणाली)मा आधारित बनाउनुपर्छ। कर्मचारीले आफ्नो हकहितका लागि दलीय ओत लाग्नु नपर्ने गरी वैज्ञानिक वृत्ति विकासको खाका ल्याउनु जरुरी छ। कर्मचारी संगठनको खारेजी केवल रिसइबी साध्ने हतियारमात्र नभई सुशासनको बलियो जग बनोस्। जनताले महसुस गर्नेगरी सरकारी सेवामा सरलता, पारदर्शिता र शिष्टता देखिनु नै यो कदमको वास्तविक सफलता हुने छ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ। आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ। आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ। यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ।

# महासंघमा मेरो कार्यकाल: चुनौतीपूर्ण अर्थतन्त्र, नीतिगत फड्को



❑ चन्द्रप्रसाद ढकाल

> "म महासंघमा अध्यक्ष भएर आएपछि सरकार र निजी क्षेत्रीय सहकार्य र सहयात्राको अवधारणा विकास गर्‍यौं। महासंघ निजी क्षेत्रको छाता संगठन भएकाले सरकारले औपचारिकरूपमा बोलाउने, छलफल गर्ने कुरा विगतमा पनि हुन्थे। तर, हामीले नीतिगत रूपमै सुधार गर्ने कुरालाई बढी जोड गर्‍यौं। मेरो कार्यकालमा इतिहासमै सबैभन्दा बढी निजी क्षेत्रमैत्री ऐन र कानुनमा सुधार भएको छ। राज्यलाई निजी क्षेत्रले अर्थतन्त्र, रोजगारी र राजस्वमा दिएको योगदान बुझाउने प्रयास गर्‍यौं। निजी क्षेत्र भनेको सधैँ माग्ने र सरकार दिने जस्तो मानसिकता बदलेर राज्य र निजी क्षेत्रबीच सहकार्य साझेदारी आवश्यक छ भन्ने कुरा स्थापित गर्‍यौं।

मैले नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्षको जिम्मेवारी लिँदा मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको थियो। कोभिड महामारीको असर हाम्रो अर्थतन्त्रमा देखा पर्दै थियो। रुस-युक्रेन युद्धले विश्वभरिकै आपूर्ति शृंखलामा असर गर्दै थियो। बैंकको ब्याजदर बढेर उच्च बिन्दुमा पुगेको थियो। वित्तीय संस्थामा तरलताको अभाव थियो। राजनीतिक अस्थिरता दीर्घकालीन समस्याजस्तै बनेको थियो। सरकार नै पिच्छे नीति र प्राथमिकताहरू फेरिने समस्या पनि उत्तिकै थियो।

त्यसैले यस्तो अवस्थामा मैले निजी क्षेत्रको मनोबल बढाउँदै आर्थिक गतिविधि चलायमान बनाउनुपर्ने दायित्व बोकेर महासंघको कार्यभार सम्हाल्दै थिएँ। कार्यकाल सम्हाल्दै गर्दा मैले भनेको थिएँ, अब निजी क्षेत्र परम्परागत सोच र शैलीबाट होइन, आधुनिक सोच र शैलीबाट चल्नुपर्छ। त्यही भएर मेरो कार्यकालमा हामीले लगानीमैत्री वातावरण निर्माण गर्ने, नीतिगत अवरोध पहिल्याउँदै त्यस्ता अवरोध हटाउन पहल गर्ने र सरकार र निजी क्षेत्र भनेका एक-अर्काका परिपूरक हुन् भन्ने तथ्य स्थापित गराउने विषयलाई प्राथमिकतामा राखेर काम गर्न थाल्यौं। हामीले केवल औपचारिक माध्यमबाट सुझावहरू राख्नेमात्रै होइन, संवादलाई प्राथमिकता दिँदै सार्थक र वस्तुनिष्ठ सुझावहरू प्रस्तुत गर्छ भन्ने मान्यता स्थापित गरायौं।

पहिला त हामीले लगानी तथा आर्थिक विकासका बाधक यी-यी कानुनहरू यो-यो कारणले सुधार गर्नुपर्छ, संशोधन गर्नुपर्छ भनेर तर्क र तथ्यसहित प्रस्तुत भयौं। निरन्तर 'फलोअप' गर्ने काम गर्‍यौं। यसकारण हामीले निजी क्षेत्रमैत्री वातावरण निर्माण गर्न र निजी क्षेत्रमैत्री कानुन निर्माणमा उत्साहजनक सफलता हासिल गरेका छौं। मेरो जीवनको एउटा उर्भर समय मैले महासंघमा बिताएँ, देशभरीका उद्योगी व्यवसायी साथीहरूको साथ, सहयोग र उहाँहरूको चाहनाले अध्यक्षसम्म भएँ। अब मुलुकले स्थिर सरकार पाएको छ। नयाँ सरकारले सिंगो निजी क्षेत्र र नेपाली जनताको भावनाअनुरूप आर्थिक समृद्धिलाई प्राथमिकतामा राखेर लगानीकर्ता र उद्योगी व्यवसायीहरूलाई प्रोत्साहन गर्ने खालका नीतिहरू अघि सार्ने छ र त्यसमा निजी क्षेत्रलाई साझेदार बनाउने छ भन्नेमा म विश्वस्त छु।

## नीतिगत सुधारमा पहलकदमी र उपलब्धि

हामीलाई तथ्य र वस्तुनिष्ठ पहलकदमी लिनुपर्ने दायित्व थियो। राष्ट्रिय र अन्तर्राष्ट्रिय कारणहरूले अर्थतन्त्रमा प्रभाव पारेको समय हुनाले हामीले सार्थक र नतिजामुखी पहल गर्नुपर्ने जिम्मेवारी पनि थियो। नीतिगत सुधारमा सरकार, संसदीय समिति, मन्त्रालय, विभाग कहाँ-कहाँ धाउनुपर्ने हो, त्यहाँ धाउने र सार्थक पहल गर्ने रणनीतिअनुसार अघि बढ्ने प्रण मैले गरेको थिएँ, त्यसैअनुसार काम पनि भयो। हामी आएपछि सुरुदेखि आजका मितिसम्म पनि यो क्रम जारी नै छ। नीति निर्माण प्रक्रियामै निजी क्षेत्रको प्रतिनिधित्व हुनुपर्छ भनेर आवाज उठायौं।

बागलुङको ढोरपाटनमा बसेको महासंघको तेस्रो कार्यकारिणी समिति बैठकले बृहत् राष्ट्रिय आर्थिक बहस कार्यक्रम आयोजना गर्ने निर्णय गरेको थियो। त्यसको मुख्य उद्देश्य राजनीतिक दल, सरोकारवाला निकाय सबैलाई आर्थिक मुद्दामा केन्द्रित गराउने र आर्थिक एजेण्डामा एकरूपता ल्याउने थियो। हामीले त्यो बहस कार्यक्रममार्फत राजनीतिक दल, नियामक निकाय र निजी क्षेत्रलगायत सबैलाई एक ठाउँमा उभ्याउन सफल भयौं। हामीले त्यो कार्यक्रममा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग बनाउनुपर्छ भनेर माग गर्‍यौं।

पछि सरकारले पूर्वसचिव रामेश्वर खनालको नेतृत्वमा निजी क्षेत्रकोसमेत प्रतिनिधित्व रहनेगरी उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग बनायो। खनाल अन्तरिम सरकारमा अर्थमन्त्री बन्नुभयो र छोटो समयमा उहाँले केही सुधारात्मक कामको थालनी पनि गर्नुभयो। त्यो आयोगले लगानीमैत्री वातावरण निर्माणका लागि ३० भन्दा बढी कानुनमा सुधार गर्न सिफारिस गरेको छ। यो हाम्रो कार्यकालमा हासिल भएको महत्त्वपूर्ण उपलब्धि हो भन्छु म।

सरकारले लगानी सम्मेलन गर्ने भनेको थियो, तर कानुनी सुधारविनाको लगानी सम्मेलन खासै उपलब्धिमूलक हुँदैन भनेर मैले नै तत्कालीन सरकारलाई यी-यी कानुनमा सुधार गरौं, त्यो सन्देश लगानी सम्मेलनमा आएका विदेशीहरूलाई दिने वातावरण बनाउँ भनेर पहल गरेँ। त्यो भयो पनि।

## सरकार-निजी क्षेत्रको सहयात्रा

म महासंघमा अध्यक्ष भएर आएपछि सरकार र निजी क्षेत्रीय सहकार्य र सहयात्राको अवधारणा विकास गर्‍यौं। महासंघ निजी क्षेत्रको छाता संगठन भएकाले सरकारले औपचारिकरूपमा बोलाउने, छलफल गर्ने कुरा विगतमा पनि हुन्थे। तर, हामीले नीतिगत रूपमै सुधार गर्ने कुरालाई बढी जोड गर्‍यौं। मेरो कार्यकालमा इतिहासमै सबैभन्दा बढी निजी क्षेत्रमैत्री ऐन र कानुनमा सुधार भएको छ। जुन विषयहरू यहाँले अनुसन्धान गर्न सक्नुहुने छ।

राज्यलाई निजी क्षेत्रले अर्थतन्त्र, रोजगारी र राजस्वमा दिएको योगदान बुझाउने प्रयास गर्‍यौं। एउटा कुरा स्मरण गरौं, तत्कालीन सरकारले निजी क्षेत्रलाई अख्तियारको दायराभित्र राख्ने कुरा अघि बढाएको थियो। हामीले महासंघमार्फत संसद्का विभिन्न समितिहरू, प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, विभिन्न दलका नेता र सचेतकहरू, मुख्यसचिव, सचिवलगायतका अधिकारीहरू, संवैधानिक निकाय सबैसँग संवाद गरेर यो उचित छैन र आवश्यक पनि छैन भनेर 'कन्भिन्स' गरायौं। फलस्वरूप, उक्त प्रस्ताव स्थगित भयो। यसले तत्कालीन समयमा लगानीको वातावरण जोगाउन ठूलो राहत प्रदान गर्‍यो। यसरी हामीले यस्तो एड्भोकेसी गर्‍यौं कि निजी क्षेत्र भनेको सधैँ माग्ने र सरकार दिने जस्तो मानसिकता थियो। त्यस्तो होइन भन्ने तथ्य हाम्रा पछिल्ला 'एड्भोकेसी' हरूले प्रमाणित गरेको छ र राज्य र निजी क्षेत्रबीच सहकार्य साझेदारी आवश्यक छ भन्ने कुरा थप प्रमाणित भएको छ जस्तो मलाई लाग्दछ।

## गलत भाष्यलाई चिर्ने प्रयास

मैले बारम्बार सार्वजनिकरूपमै पनि भन्दै आएको छु नेपालमा अवसर नै अवसर छन्। यहाँ केही हुँदैन, केही गर्न सकिँदैन, लगानी पाइँदैन, अवसर मिल्दैन भन्ने कुरासँग म कहिल्यै पनि सहमत छैन। हामीले महासंघमार्फत पनि यस्तो गलत भाष्य चिर्नका लागि पहल गरेका छौं। यसैको पहलस्वरूप हामीले १० अर्ब रूपैयाँ पुँजीको एउटा पब्लिक कम्पनी बनाएका छौं। मेरै अगुवाइमा देशभित्र र देशबाहिर रहेका नेपालीहरूबाट स-सानो पुँजी संकलन गरेर बनाइएको नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड कम्पनीले ठूला पूर्वाधार, उत्पादनमूलक उद्योग तथा स्टार्टअपमा लगानी गर्छ। यसले काम पनि सुरु गरिसकेको अवस्था छ। यो हामीले किन गरेका हौं भन्दा, आन्तरिक पुँजी परिचालनमार्फत पनि ठूला आयोजनाहरू बनाउन सकिन्छ है भन्ने उदाहरण दिनका लागि हो।

यस्तै, हामीले महासंघमा महिला उद्यमी, युवा तथा स्टार्टअप, साना र मझौला उद्यम व्यवसायहरूलाई सहयोग गर्नका लागि क्रमशः युनिटहरू बनाउँदै लगेका छौं। अहिले देशभरि नै महिला उद्यमी दिदीबहिनीहरूको संख्या बढिरहेको छ, स्टार्टअपका काममा पनि महासंघले सरकार र स्टार्टअप उद्यमीहरूलाई स्टार्टअप फोरमबाट सहयोग गर्दै आएको छ। हामीले नै स्टार्टअप नीतिका लागि पहल गरेर नीति ल्याउन पनि सफल भएका छौं।

बाह्य लगानी भित्र्याउनका लागि विभिन्न देशका उद्यमी व्यवसायीहरूसँग अन्तरक्रिया र छलफलले तीव्रता पाएको छ। बाह्य लगानीको वातावरण निर्माणमा पनि महासंघले कानुनी र नीतिगत सुधारमा पहल गरिरहेको छ। निजी क्षेत्रको अर्को प्राथमिकता रोजगारी हो। हामीले कसरी धेरैभन्दा धेरै युवालाई स्वदेशमा रोजगारी दिन सकिन्छ र त्यसका लागि कस्तो जनशक्ति आवश्यक छ भन्ने सन्दर्भमा बजार सर्भे गरेर पाठ्यक्रम निर्माण गर्नुपर्छ भनेर पहल गरिरहेका छौं। प्राविधिक र सीपमूलक शिक्षाका लागि सरकारसँग सहकार्य गर्छौं भनेर सार्वजनिकरूपमै भनिरहेका छौं।

भदौ २३ र २४ को आन्दोलनमा युवाहरूले रोजगारीलाई मुख्य विषयका रूपमा उठाएका थिए। तर, आन्दोलनमा घुसपैठ हुँदा रोजगारी दिने कम्पनी र उद्योगहरूमाथि आगजनी भयो। उद्योग व्यवसायसहित उद्यमी व्यवसायीका निजी निवासमासमेत आगजनी भए। निजी क्षेत्रले ८४ अर्बभन्दा बढीको क्षति व्यहोर्‍यो। तर पनि हामीले हिम्मत हार्नु हुँदैन, यो देशलाई खरानीबाट उठाउने दायित्व हाम्रो पनि हो भनेर पुनः उठ्ने प्रयास गर्‍यौं।

हामीले उक्त आन्दोलनलगत्तै आयोजना गरेको कार्यक्रमबाट शान्ति, स्थायित्व र समृद्धिका लागि निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति (पिएसपिपी) अवधारणाको आवश्यकता औंल्यायौं। निजी क्षेत्र रोजगारी सृजनाकर्ता, वस्तु उत्पादक, सेवा प्रवाहक, राजस्व संकलक भएकोले यसका लागि सरकारले आवश्यक व्यावसायिक वातावरण बनाउनुपर्छ भनेर अवधारणापत्र नै बनाएर सरकारलाई बुझाएका थियौं, नयाँ बनेको सरकारले त्यो अवधारणा कार्यान्वयन गर्ने निर्णय गरिसकेको छ। उक्त अवधारणालाई स्वीकार गर्दै कार्यान्वयन नै गर्ने सरकारको प्रतिबद्धता र निर्णयले निजी क्षेत्रको मनोबल बढाएको छ। यसका लागि म सरकारलाई धन्यवाद दिन चाहन्छु।

## नयाँ सरकारसँग निजी क्षेत्रका अपेक्षा

लगानीका लागि जहिल्यै पनि कानुनी स्थिरता र स्थिर सरकारको आवश्यकता हुन्छ। जुन देशको सरकार स्थिर छ, जुन देशका कानुनहरू लामो समयका लागि स्थिर छन्, जुन देशमा राजनीतिक अस्थिरता र द्वन्द्व छैन, ती देशहरूको आर्थिक विकास तीव्र हुन्छ र भएको छ।

अब हामीकहाँ पनि स्थिरताको सुरुआत भएको छ भन्छु म। संसद्मा एकल बहुमत भएको दलको सरकार छ, मन्त्रिपरिषद्मा पनि विज्ञ र युवा व्यक्तिहरू हुनुहुन्छ। युवा र तत्काल निर्णय गर्न सक्ने क्षमताका सांसदहरू हुनुहुन्छ। सरकारले गठनलगत्तै १०० वटा कार्ययोजना मन्त्रिपरिषद्बाट स्वीकृत गरेर कार्यान्वयन नै सुरु गरिसकेको छ। सरकारले राजस्व अनुसन्धान विभाग खारेज गरेर निजी क्षेत्रमैत्री र लगानीकर्तामैत्रीको सन्देश दिएको छ। अब क्रमशः यस्ता सुधारहरू हुँदै जाने छन् भन्ने हाम्रो विश्वास छ। रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका सिफारिसहरू कार्यान्वयन गर्दै जाँदा पनि धेरै कुराहरू सुधार हुँदै जान्छन्। हामी आशावादी छौं।

## महासंघको विधान संशोधन र नयाँ नेतृत्वलाई सुझाव

सर्वसम्मत महासंघको विधान संशोधन हुनु मेरो कार्यकालको अविस्मरणीय उपलब्धि हो। समितिहरू बन्ने, तर त्यहीँ विवाद हुने र टुंगोमा नपुग्ने गरेको विषय थियो यो। मैले सर्वसम्मतका साथ टुंगोमा पुर्‍याएँ। मैले कार्यकालको सुरुआतमै विधान संशोधन गरेर प्रत्यक्ष निर्वाचनमार्फत अध्यक्ष चयन गर्ने प्रावधान राख्ने घोषणा गरेको थिएँ। त्यसैअनुसार सबै साथीहरूको राय र सुझाव लिएर, कतिपय अवस्थामा कन्भिन्स पनि गराएर सर्वसम्मतरूपमा विधान संशोधन गरायौं।

अब वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधान हटेको छ। अर्को पटकदेखि अध्यक्षमै प्रत्यक्ष चुनाव हुन्छ। विधानमा गरिएको यो परिवर्तनले अध्यक्षलाई सदस्यहरूप्रति थप जिम्मेवार र उत्तरदायी बनाउने छ। अर्को कुरा, जिल्ला नगर उद्योग वाणिज्य संघहरूले महासंघभित्र आफ्नो उपस्थिति कमजोर देख्ने, महासंघले आफूलाई त्यति 'स्पेस' दिएको महसुस नै नगरेको हो कि जस्तो कुराहरू पनि आउँथे। हामीले जिल्ला नगरको ५० प्रतिशत मतभारलाई मध्यनजर गर्दै विधानमा जिल्ला नगरबाट दुई जना उपाध्यक्षको व्यवस्था गरेका छौं। महासंघमा महिलाको सहभागी बढाउनका लागि हामीले महिला उपाध्यक्षको प्रावधान राखेका छौं। यस्ता धेरै सकारात्मक व्यवस्थाहरूसहित विधान संशोधन गर्न सफल भयौं। म यस सम्बन्धमा सबै पदाधिकारी र केन्द्रीय कार्यकारिणी समितिका साथीहरूलाई धन्यवाद पनि दिन चाहन्छु।

आगामी दिनमा पनि म मेरो अनुभव र क्षमतालाई नेपालभित्रै उद्यमशीलताको विकास, रोजगारीको सिर्जना र समग्र देशको आर्थिक उन्नतिमा खर्चिने छु। मेरो कार्यकाललाई सफल बनाउन सहयोग गर्नुहुने महासंघका पूर्वअध्यक्षहरू, मेरो टिममा रहेर काम गर्नुभएका पदाधिकारी र सदस्यहरूसहित महासंघसँग सहकार्य गर्ने नेपाल सरकार, नियामक निकायहरू, कूटनीतिक नियोगहरू, दातृ निकायहरू, सञ्चारकर्मी मित्रहरू सबैलाई धन्यवाद दिन चाहन्छु।

*(नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष ढकालसँग राससले गरेको कुराकानीमा आधारित)*





**दाउराको जोहो** | दाङको घोराही उपमहानगरपालिका–३ स्थित भिङ्नी गाउँका थारु महिला जंगलबाट दाउराको भारी बोकेर घरतर्फ फर्किंदै ।

*तस्बिरः रासस*

# बिपी राजमार्गमा जानकारी लिएर मात्र यात्रा गर्न आग्रह

**काभ्रेपलाञ्चोक (प्रस)–** बेमौसमी वर्षाका कारण प्रायः दैनिक राजमार्ग अवरुद्ध हुने भएपछि बिपी राजमार्गमा अवस्था बुझेरमात्रै यात्रा गर्न सुरक्षा निकायले आग्रह गरेको छ । जिल्ला सुरक्षा समितिले मंगलबारदेखि राजमार्गमा रातको समयमा भने अनिश्चितकालीन आवागमन बन्द गराइसकेको छ ।

समितिले वर्षालगायत जोखिमका कारण साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म अनिश्चितकालीन राजमार्गमा आवागमन बन्द गराएको हो । बेमौसमी वर्षाका कारण रोशी खोलामा बाढी आउँदा खोलाको सतह बढेर 'डाइभर्सन' बगाउँदा सडक अवरुद्ध हुने भएकाले मंगलबारदेखि रातिको समयमा अनिश्चितकालीन रागमार्ग बन्द गराइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रविन विष्टले जानकारी दिए । उनका अनुसार मौसमी अवस्थाअनुसार पुनः राजमार्गमा आवागमन नियमित गराइने छ ।

यसैबीच सोमबारको वर्षाका कारण बिपी राजमार्गअन्तर्गत रोशी गाउँपालिका–७ स्थित लास्कोट र घुमाउनेको बीचमा फसेका यात्रुको राति उद्धार गरिएको थियो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले पाँचवटा माइक्रोबसका ८९ यात्रुलाई मंगलबार बिहान १:०० बजे सकुशल उद्धार गरी गन्तव्यतर्फ पठाएका हुन् । वर्षात्पछिको बाढीले रोशी क्षेत्रमा बिपी राजमार्गमा बनाइएको अस्थायी डाइभर्सन बगाउन थालेपछि सुरक्षा निकायले सोमबार साँझ ५:०० बजेदेखि नै उक्त क्षेत्रमा आवागमन बन्द गराएको थियो । राजमार्ग अवरुद्ध भएपछि सवारीसाधनलाई राजमार्गको प्रवेशमार्ग धुलिखेल तथा काभ्रेभञ्ज्याङ र मंगलटार तथा सिन्धुलीको नेपालथोकमा 'होल्ड' गराइएको थियो ।

प्रहरीले राजमार्गको अवस्था बुझेरमात्रै दिनको समयमा यात्रा गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ भने अर्को सूचना जारी नभएसम्म उक्त खण्डमा यात्रा नगर्न सडक यात्रुलाई अपिलसमेत गरिएको छ । बेमौसमी वर्षाका कारण पटकपटक रोशी खोलाको बाढीले बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि सिन्धुलीको नेपालथोकसम्मका विभिन्न स्थानमा अस्थायी डाइभर्सन बगाउँदा सडक अवरुद्ध हुँदै आएको थियो ।

गत सालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो । हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

# विद्युत् सेवाको पहुँचले फेरियो खैराङबासीको जीवनशैली

**भोजपुर–** यहाँको हतुवागढी गाउँपालिका–४ खैराङ क्षेत्रमा केन्द्रीय विद्युत् विस्तार भएपछि स्थानीय नागरिकको जीवनशैलीमा परिवर्तन देखिन थालेको छ । लामो समयसम्म वैकल्पिक ऊर्जामा निर्भर रहँदै आएका यहाँका बासिन्दा अहिले विद्युत् सेवाको पहुँचमा पुगेका हुन् ।

स्थानीय तहको पहल तथा सम्बन्धित निकायको समन्वयमा गाउँबस्तीमा विद्युत् लाइन विस्तार गरिएसँगै अधिकांश घरमा केन्द्रीय प्रसारणलाइन जडान गरिएको वडाध्यक्ष चन्द्रबहादुर विष्टले बताए । धेरै मिहेनतपछि वडाको सबै टोलबस्तीमा विद्युत् सेवा पुर्‍याउन सफल भएको उनको भनाइ छ । 'वडाका सबै स्थानमा केन्द्रीय विद्युत् विस्तार गर्न सफल भएका छौं,' उनले भने, 'विद्युत् सेवा विस्तार भएपछि गाउँबस्तीमा सहजता थपिएको छ ।'

पहिले दियो, टुकी, सोलारजस्ता वैकल्पिक माध्यममा निर्भर रहनुपर्ने बाध्यता रहेकामा अहिले सहजता भएको स्थानीयवासी दीर्गसिं कार्कीले बताए । विद्युत् सेवा उपलब्ध भएपछि घरायसी कामकाजदेखि बालबालिकाको अध्ययन–अध्यापनसम्म सहजता भएको उनको भनाइ छ । 'पहिले अँध्यारोमा बस्नुपर्ने अवस्था थियो, अहिले उज्यालो भएपछि धेरै सहज भएको छ,' उनले भने । विद्युत् पहुँच विस्तारसँगै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमासमेत वृद्धि भएको छ । टेलिभिजन, मोबाइल चार्जिङ, इन्टरनेट प्रयोगजस्ता सेवामा सहजता आएपछि नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आएको कार्कीले बताए । यस्तै, विद्युत् सेवाले साना तथा घरेलु उद्योग सञ्चालनमा पनि सकारात्मक प्रभाव पारेको छ । कुटानी–पिसानी मिल, सिलाइ–कटाइ, फर्निचर तथा अन्य उद्यम सञ्चालन गर्न सहज भएपछि स्थानीयस्तरमै रोजगारी सिर्जना हुने सम्भावना बढेको स्थानीयवासी टंकबहादुर दर्जीले बताए । *रासस*

# संस्कृति जोगाउन दार्चेको श्रीकृष्ण भजन टोली सक्रिय

■ मनिषा रेग्मी

**काठमाडौं–** गोरखाको सहिद लखन गाउँपालिका–६ दार्चेमा हराउँदै गएको मौलिक संस्कृतिको संरक्षण कार्यमा श्रीकृष्ण भजन टोली सक्रिय रहेको छ । उक्त भजन टोलीले गाउँमा हुने सत्यनारायण पूजादेखि एकाह पुराण तथा साप्ताहिक पुराणमासमेत आफ्नो भजन प्रस्तुति गर्दै आएको छ ।

युवाहरू सहर र विदेशकेन्द्रित हुँदा गाउँ नै रित्तिँदै गएको अवस्थामा परम्परागत संस्कृतिहरू लोप हुँदै जान थालेपछि भजन टोली गठन गरेर संरक्षणमा जुटेको टोलीका गुरु एवं अध्यक्ष चुडामणि न्यौपानेले बताए । 'गाउँमा आफ्नो संस्कृति र परम्परा जोगाउनकै निम्ति श्रीकृष्ण भजन टोलीले आफ्नो भजन मण्डला छोडेको छैन । भजन प्रतियोगितामा सहभागी हुँदै आफ्नो मौलिक परिचयसमेत यो टोलीले बनाइसकेको छ,' उनले भने ।

पोखरा र काठमाडौंमा हुने विभिन्न भजन प्रतियोगितामा सहभागी भई भजन टोलीले आफ्नो पहिचान बढाउने काम गरेको उनी बताउँछन् । युवा वर्ग विदेसिँदै गर्दा गाउँमा भएका बूढापाकालाई जम्मा गर्दै आफ्नो भजनलाई निरन्तरता दिन टोलीले भूमिका खेल्दै आएको देखिन्छ ।

अध्यक्ष न्यौपानेका अनुसार यस भजन मण्डलीको नाम श्रीकृष्ण राख्नुको मुल कारण भनेको गाउँमा एउटा राधाकृष्ण मन्दिर छ । सोही मन्दिर र भजन मण्डलीको नाम एकै होस् भनेर श्रीकृष्ण भजन मण्डली भनी नामाकरण गरिएको हो । वि.सं. १९९५ मा स्थापना गरिएको राधाकृष्ण मन्दिर २०७२ सालको भूकम्पले केही क्षति पुर्‍याएको थियो । पछि उक्त मन्दिरको पुनर्निर्माण गरिएको छ ।

'कृष्ण जन्माष्टमीका दिन राधाकृष्ण मन्दिरमा व्रत तथा पूजाआजा गरिन्छ । साथै, श्रीकृष्ण भजन मण्डलीका गुरु तथा अन्य सहायक व्यक्तिहरूले त्यस दिन भगवान् कृष्णलाई समर्पित गर्दै भजन गाउने गर्छन्,' न्यौपानेले भने ।

श्रीकृष्ण भजन टोलीले संकटमा पर्दै गएको मौलिक संस्कृतिलाई जगेर्ना गर्दै आएको छ । त्यसैगरी, विभिन्न चाडपर्वमा, विशेषगरी तिहारमा भाइटीकाको दिन टीका लगाइसकेपछि गाउँलेहरू जम्मा भएर भजन गाएर नाचगानका साथ रमाइलो पनि गर्ने गर्छन् । सनातनी धर्म बचाउनका लागि यस टोलीले विभिन्न मन्दिरहरूमा गएर भजन गाउने गर्छन् ।

विभिन्न भजनको माध्यमबाट सम्पूर्ण सनातनीहरूबीच एकता र सद्भाव कायम गर्ने काम भजन टोलीले गर्दै आएको अध्यक्ष न्यौपानेको भनाइ छ । *(प्रशिक्षार्थी पत्रकार)*

# बहुप्राविधिक शिक्षालयमा निर्धारित कोटाभन्दा कम विद्यार्थी भर्ना

**कञ्चनपुर–** कञ्चनपुरको शुक्लाफाँटा बहुप्राविधिक शिक्षालयमा निर्धारित कोटाभन्दा कम विद्यार्थी भर्ना भएका छन् । शुक्लाफाँटा नगरपालिका–१० अमरपुरस्थित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) द्वारा सञ्चालित शिक्षालयमा न्यून शुल्कमा घरदैलोमै प्राविधिक शिक्षा पाउने व्यवस्था भए पनि विद्यार्थीको अभाव छ ।

शिक्षालयमा डिप्लोमा इन फार्मेसी, सिभिल इञ्जिनियरिङ, मेकानिकल इञ्जिनियरिङ र अटोमोबाइलसम्बन्धी पठनपाठनको सुविधा छ । तीमध्ये अटोमोबाइल विषयमा हाल एउटा विद्यार्थी भर्ना भएका छैनन् । विद्यार्थी नै पढ्न नआएपछि अटोमोबाइलको पढाइ नै बन्द भएको छ । मेकानिकल इञ्जिनियरिङतर्फ २४ जनाको कोटा भए पनि तीनै वर्षमा गरी जम्मा १५ विद्यार्थीमात्र अध्ययनरत छन् ।

विद्यार्थीको संख्या बर्सेनि घट्दो क्रममा रहेको शिक्षालयको तथ्यांकले देखाउँछ । डिप्लोमा इन फार्मेसीमा ४० जनाको कोटा भए पनि पहिलो वर्ष ४० विद्यार्थीमात्रै भर्ना भएका छन् भने सिभिल इञ्जिनियरिङको ४८ जनाको कोटामा पहिलो वर्ष १८ विद्यार्थी पढ्दै छन् ।

एसइई उत्तीर्ण गरेपछि धेरैजसो विद्यार्थी अध्ययन गर्न विदेश जाने गरेका छन् । देशभरका अन्य शिक्षालयतर्फ आकर्षित भएकाले स्थानीयस्तरका शिक्षालयमा विद्यार्थी अभाव देखिएको फार्मेसी कार्यक्रमका संयोजक ललितमोहन कलौनीले बताए । उनका अनुसार शिक्षालयले केही लक्षित वर्गका र जेहेन्दार विद्यार्थीलाई आवासीय सुविधासहित पूर्णरूपमा निःशुल्क पढाउने र यातायात खर्चसमेत दिने व्यवस्था गरे पनि विद्यार्थीको आकर्षण बढ्न सकेको छैन । शिक्षालयमा विद्यार्थीको अभावमात्र होइन, भौतिक पूर्वाधारको अवस्था पनि दयनीय छ ।

निमित्त शिक्षालय प्रमुख अञ्जन सापकोटाका अनुसार हाल शिक्षालयमा ११ कोठा भएको एउटामात्र भवन उपलब्ध छ । पर्याप्त कोठा नहुँदा एउटै कोठामा पुस्तकालय, कार्यकक्ष र कम्प्युटर ल्याब सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । छुट्टाछुट्टै कोठा नहुँदा प्रयोगशाला, स्टाफ रुम र कार्यालय कक्षलाई व्यवस्थित गर्न सकिएको छैन भने शिक्षालयमा छात्रवास, क्यान्टिन, साइकल स्टचाण्ड र घेर पर्खालकोसमेत अभाव छ । त्यस्तै, सनवोरा नदीले शिक्षालयको जग्गा कटान गरिरहेको छ । त्यसको पनि रोकथाम हुन नसकेको प्रमुख सापकोटा बताउँछन् । *रासस*


**युएइमा रोजगार** कम्पनी : TAMOUH EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 336951 | चलानी नं. ६०२५०५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Carpenter | 50 | 0 | 1500 | ६१,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 35 | 0 | 1000 | ४१,२३२ | | | | | | | |
| 3 | Tile Layer | 10 | 0 | 1500 | ६१,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832, 9847102208 9813122112, 9842772106, 9842772106, 9810895032
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



**कतारमा रोजगार** कम्पनी : DIVA LOUNGE SPA

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 338337 | चलानी नं. ६०२५१८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians (Ladies) | 0 | 1 | 1700 | ७०,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



**मलेसियामा रोजगार** कम्पनी : BAERLOCHER SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341536 | चलानी नं. ६०२५४९४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 4 | 0 | 1700 | ६५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd.
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821
Govt. License 430/060/061



## सार्वजनिक सूचना

**प्रकाशन मितिः २०८३/०१/२४**

कोशी प्रदेश, ओखलढुङ्गा जिल्लाको मानेभन्ज्याङ गाउँपालिका वडा नं.६, थाक्लेमा अवस्थित व्याकुल माइला पर्यटन प्रवर्द्धन केन्द्र लेक्टार निर्माण आयोजना कार्यको लागि वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची (२) बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन कार्य सम्पन्न गरिएको छ । मानेभन्ज्याङ गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ को दफा ६ को उपदफा (३) र (४) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा सम्बन्धित निकाय, संघ/संस्था तथा सर्वसाधारणको लिखित राय/सुझाव प्राप्त गर्न यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजनाको नामः** | व्याकुल माइला पर्यटन प्रवर्द्धन केन्द्र- लेक्टार निर्माण आयोजना |
| **प्रस्तावकको नामः** | मानेभन्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |
| **ठेगानाः** | थाक्ले - ०६, ओखलढुङ्गा, सम्पर्कः ९८५२८२०००२ |
| **जग्गाको विवरणः** | कुल क्षेत्रफलः १०० रोपनी |
| **अवस्थितिः** | मानेभन्ज्याङ गाउँपालिका, वडा नं.६, थाक्ले, ओखलढुङ्गा जिल्ला, कोशी प्रदेश |
| **भौगोलिक अवस्थितिः** | २७° १०' ४०.५५" N, ८६° २६' ११.८१" E । समुद्री सतहबाटः १०७० - १११५ मिटर |
| **आयोजनाको अवयवहरूः** | रिसर्ट/भिला, प्रोग्राम हल, इ. भी. चार्जिंग स्टेशन, क्याफे/रेष्टुरेण्ट, पहुँच मार्ग, पार्क, पार्किङ, सार्वजानिक शौचालय तथा स्विमिङ पूल |
| **परामर्शदाताः** | मार्ग इन्जिनियरिङ कन्सल्ट प्रा.लि., काठमाडौं । |

माथि उल्लेखित आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको अन्तिम मस्यौदा यस सूचना प्रकाशन भएको मितिदेखि सात (७) दिनभित्र तपसिल उल्लेखित ठेगानामा लिखित रायरसुझाव पठाइदिनुहुन सम्बन्धित संघ/संस्था, सरकारी कार्यालय, वन उपभोक्ता समूह, स्थानीय समुदाय र सर्वसाधारण सबैमा अनुरोध गरिन्छ ।

**राय/सुझाव पठाउने ठेगानाः**

| प्रस्तावकलाईः | परामर्शदातालाईः |
|---|---|
| नाम : मानेभन्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना : मानेभन्ज्याङ, ओखलढुङ्गा, कोशी प्रदेश<br>सम्पर्क : ९८५२८२०००२ | संस्था : मार्ग इन्जिनियरिङ कन्सल्ट प्रा.लि., काठमाडौं ।<br>ठेगाना : काठमाडौँ, नेपाल ।<br>सम्पर्क : 9863238846<br>ईमेल : margadevi28@gmail.com |



## धितो लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८३/०१/२४ गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यवसायिक प्रयोजनका लागि लग्नु भएको कर्जाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गरिएको साथै मिति २०८२/१२/१२ गते प्रभाव राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत कुनै चासो नदेखाई व्यवस्था गर्नु भएकोले कर्जा चुक्ता गर्न आउनु भनी यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५ दिन भित्रमा यस सहकारी सस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नु होला अन्यथा १६ औं दिनमा तपसिलमा उल्लेखित जग्गा लिलाम बिक्री गरिनेछ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | जिल्ला | गा.वि.स/न.पा | वडा नं. | नक्सा/सिट नं. | कित्ता नं. | क्षेत्रफल | जमानीकर्ता विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १. | **ऋणी : मदन दवाडी**<br>बाजे : पर्मानन्द दवाडी<br>बुबा : शीवजी दवाडी  | काठमाडौं | का.म.न.पा | २९ | १०२१०२५०६ | ६१९/<br>६२१/<br>२९१ | ६७.५४ व.मी/<br>१९.८५ व.मी/<br>१५.९० व.मी. | **जमीनी : सिता देवी अकिरी**<br>बाजे : लक्ष्मी कान्त अधिकारी<br>बुबा : खड्नन्द अधिकारी  |

**विवरणः**

१. बोलपत्र फारम कार्यालय समयमा यस संस्थाको कार्यालय का.म.न.पा. १० बाट प्राप्त गर्न सकिनेछ ।
२. लिलाम गोप्य शिलवन्दी बोलपत्रका आधारमा डाँक बढाबढका आधारमा हुनेछ ।
३. अचल सम्पत्ती निरीक्षण गर्न चाहनेले बोलपत्र दाखिला गर्नु अघि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
४. बोलपत्र दाखिला गर्ने मिति २०८३/०२/०७ गते दिनको २:०० बजे सम्म ।
५. बोलपत्र पेश गर्दा बोलकबोल अंकको १०% ले हुने रकम धरौटी स्वरूप यस संस्थाको नाममा रहेको महालक्ष्मी विकास बैंक लि. मा जम्मा गरी सक्कल भौचर, वोलपत्र फारम र नागरिकताको फोटोकपी सहित शिलबन्दी राखी पेश गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला गर्दा बोलपत्रको भित्र तथा बाहिर पट्टी जुन धितोको लागि बोलपत्र दाखिला गरेको हो, सोको विवरण उल्लेख गर्नुपर्नेछ ।
७. बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थिती नभए पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
८. रित नपुगेको वा म्याद भित्र दाखिल नभएको बोलपत्रहरू स्वतः रद्द हुनेछ ।
९. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको सम्पत्ती आफनो जिम्मा लिनुपर्नेछ । सो म्याद भित्र नबुझाएमा धरौटी बापत जम्मा गरको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ ।
१०. बोलपत्र सहकारी सस्थाको कार्यालय का.म.न.पा.१० बुद्धनगरमा मिति २०८३/०२/०८ गते दिनको २:०० बजे खोलिनेछ ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार संस्थामा निहित हुनेछ ।
१२. सम्पति दाखिल खारेज नामसारी गर्दा लाग्ने राजश्व सम्पूर्ण दै-दस्तुर तथा शुल्क आदि सम्पूर्ण खर्च सकारकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।
१३. यदि लिलाम बिक्री गर्ने दिन कुनै पनि सार्वजनिक बिदा परेको खण्डमा त्यसको भोलिपल्ट लिलामीको काम गरिनेछ ।

**पुनश्च** : सो लिलामी प्रक्रियामा सहभागी हुन तथा अन्य जानकारीका लागि सहकारी संस्थामा सम्पर्क राख्नु होला ।

**को-म्हेन्दो बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
का.म.न.पा.१०, काठमाण्डौ, फोन नं.०१-५९०९२९०

**रूपशाला**

### 'मालती मंगले'को प्रिमियरमा रवि लामिछाने

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछाने चलचित्र मालती मंगलेको प्रिमियरमा पुगेका छन् । उनी बुधबार रामकृष्ण ढकाल निर्माता रहेको चलचित्र मालती मंगलेको प्रिमियरमा पुगेका हुन् । जेनजी आन्दोलनको समयमा सहकारी ठगीको आरोपमा नख्खु जेलमा रहेका सभापति लामिछानेलाई आफ्नै गाडीमा हालेर हुइँक्याएको बताएपछि गायक तथा निर्माता ढकाल विवादमा परेका थिए । विवादकैबिच लामिछाने चलचित्रको प्रिमियरमा पुगेका हुन् । उक्त चलचित्र २५ गतेदेखि प्रदर्शनमा आउँदैछ ।



# अदालतको आदेशसँगै 'लालीबजार' वैशाख २५ देखि प्रदर्शन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'लालीबजार' प्रदर्शन गर्ने बाटो खुलेको छ । बुधबार उच्च अदालत पाटनका न्यायाधीशद्वय खडानन्द तिवारी र नेत्रप्रसाद आचार्यको संयुक्त इजलासले यसअघि 'लालीबजार' को प्रदर्शनमा रोक लगाउँदै दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको छ । यस आदेशसँगै फिल्म आगामी शुक्रबार, अर्थात् वैशाख २५ गतेदेखि प्रदर्शनमा आउने निर्माण कम्पनी षट्कोण आर्ट्सले जनाएको छ ।

फिल्मका निर्माता म्याक्स दीपेश खत्रीले सम्मानित अदालतको आदेशसँगै फिल्म आगामी शुक्रबारदेखि प्रदर्शन हुने जानकारी दिए ।

उनले भने, 'हामीले कुनै पनि समुदाय वा वर्गको भावनामा ठेस पुग्ने गरी फिल्म तयार गरेका थिएनौं। हामीले आमा र छोरीको कथामा फिल्म निर्माण गरेका छौं । फिल्मले छोरीका लागि आमाले गर्ने संघर्षको कथा प्रस्तुत गर्छ ।'

निर्देशक तथा लेखक यम थापाले फिल्म हेरेपछि कुनै पनि समुदायको भावना आहत नहुने विश्वास व्यक्त गरे । उनले भने, 'अहिले अनुमानका भरमा फिल्मलाई लिएर विभिन्न अडकलबाजी भएका छन्। फिल्म हेरेपछि कसैको चित्त दुख्दैन भन्नेमा म विश्वस्त छु ।'



फिल्ममा स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, प्रदीप ढकाल, आशा पौडेल, गोविन्द सुनार, आभा आर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारी, जानकी कडायत, निश्चल पन्थी, विरवल चौधरीलगायतका कलाकारहरूको अभिनय रहेको छ ।

यसै फिल्ममार्फत विशाल देवकोटा र प्रशंसा सुवेदीले डेब्यु गर्दैछन्। विशाल थियटरमा अभिनेता तथा निर्देशकका रूपमा सक्रिय कलाकार हुन् भने प्रशंसा जेन-जी पुस्ताकी उदीयमान अभिनेत्रीका रूपमा परिचित छिन्। निर्देशक यम थापाको कथा तथा निर्देशनमा तयार भएको फिल्म 'लालीबजार' को पटकथा र संवाद निर्देशक थापा र प्रदीप भट्टराईले संयुक्त रूपमा तयार गरेका हुन्।

फिल्ममा कार्यकारी निर्माता प्रदीप भट्टराई रहेका छन् भने म्याक्स दीपेश खत्री र रवीन्द्रसिंह बानियाँ निर्माता रहेका छन्। फिल्मका क्रिएटिभ निर्देशक जेबी रुवाली, द्वन्द्व निर्देशक सम्राट बस्नेत, छायांकन निर्देशक सुशन प्रजापती, सम्पादक मित्रदेव गुरुङ, प्रोडक्सन हेड रूपकप्रताप अधिकारी, कलरिस्ट रेनिश फागो, भिएफएक्स समिर श्रेष्ठ र सत्यम राना, ब्याकग्राउन्ड म्युजिक तथा मिक्सिङ रोहित शाक्य र शैलेश श्रेष्ठ, कला निर्देशक उमेश चौधरी, पब्लिसिटी डिजाइनर रोयल भीमसेन (ट्राइडेन्ट), मिडिया संयोजक सिपी जैशी, कस्ट्युम डिजाइनर तथा स्टाइलिस्ट जानकी कडायत, मेकअप आर्टिस्ट काव्या थापा तथा सङ्गीतकार प्रकाश सपूत, खेम सेन्चुरी र जयन जे वाइवाको योगदान रहेको छ ।

# चन्द्र पन्तको 'आ बाट आमा २'मा सविनको इन्ट्री

**काठमाडौं (प्रस)–** चन्द्र पन्तको निर्देशनमा निर्माण हुने फिल्म 'आ बाट आमा२'मा सबिन श्रेष्ठको इन्ट्री भएको छ । उनलाई फिल्मका निर्देशक तथा निर्माता पन्तले फिल्मको एक मुख्य भुमिकामा अनुबन्ध गरेका हुन् ।



यसअघि यो फिल्ममा पल शाह, विपना थापा, आकाश श्रेष्ठलगायत कलाकारलाई अनुबन्ध गरिसकेका छन् । साथै यस फिल्मको शुभमुर्हूत समेत भइसकेको छ । गत सोमबार बिहान निर्माण टिमले पाटन बंगलामुखी मन्दिरमा फिल्मको शुभमूर्हत गरेको हो ।

गत वर्षको फिल्म 'आ बाट आमा' सुपरहिट फिल्म बनेको थियो । सोही फिल्मको यो सिक्वेल हो । यस फिल्ममा पल शाह, विपना थापा, प्रदीप रावत, आकाश श्रेष्ठ, सबिन श्रेष्ठ, गजित बिष्ट, नरेन खड्कालगायतका कलाकारहरूले अभिनय गर्दैछन् । निर्माण टिमले यस फिल्मका अभिनेत्रीको भने नाम सार्वजनिक गरेको छैन । अहिलेसम्म कुन हिरोइनले यस फिल्ममा काम गर्दैछन् भन्ने कुरा निर्माण पक्षले गोप्य राखेको छ ।

आगामी दसैंमा प्रदर्शनमा ल्याउने भनिएको यो फिल्मको केहि सातापछि फ्लोरमा निस्किने तयारी छ । यस फिल्मको कथा तथा पटकथा निर्देशक पन्तकै रहने छ भने यस फिल्मको वितरण आर आर फिल्मस्ले गर्दैछ । आर्या इन्टरेटन्मेन्ट प्रालीको व्यानरमा हुने यस फिल्मको डिजिटल अधिकार ओएसआरले लिएको छ । साथै प्रोडक्सन म्यानेजर करणसिंह रसाली रहेका छन् ।

**रंगशाला**

# नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले एसिया खेलकुद छनोट तथा एसिसी महिला प्रिमियर कपका लागि आज नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ ।

क्यानले १४ सदस्यीय नेपाली महिला खेलाडीको नाम सार्वजनिक गरेको हो । वैकल्पिकमा भने चार जना छन् ।

टोलीको कप्तानी इन्दु बर्माले गर्नेछिन् भने उपकप्तानको जिम्मेवारी पूजा महतोले सम्हाल्नेछिन् । सो टोलीमा बिन्दु रावल, सम्झना खड्का, रुवी पोद्दार, कविता जोशी, कविता कुँवर, रिया शर्मा, सीता राना मगर, अनु कडायत, मनीषा उपाध्याय, रुविना क्षेत्री, सोनी पाखिन र सीमा केसी समावेश छन् ।

त्यसैगरी वैकल्पिक खेलाडीका रूपमा सावित्री धामी, सोमु विष्ट, सना प्रवीण र लक्ष्मी साउदलाई राखिएको क्यानले जनाएको छ ।

मलेसियामा हुने एसियन गेम्स छनोट मे २३ देखि ३१ तारिखसम्म हुँदैछ भने प्रिमियर कप आगामी जुन १ देखि १३ सम्म हुनेछ ।

**कोहलपुर गोल्डकप**

## रेसिङ सहारा फाइनलमा

**बाँके (प्रस)–** बाँकेको कोहलपुरमा जारी चौथो कोहलपुर गोल्डकप-२०८३ मा कोहलपुर रेसिङ सहारा क्लब फाइनल प्रवेश गरेको छ ।

बुधबार भएको पहिलो सेमिफाइनल खेलमा लालीगुराँस एसोसियसन क्लब पोखरालाई २-१ गोल अन्तरले पराजित गर्दै आयोजक क्लब फाइनल प्रवेश गरेको हो । कोहलपुर रेसिङ सहारा क्लबलाई जिताउन पहिलो हाफको १६औं मिनेटमा जर्सी नम्बर २४ का नीराजन खत्रीले गोल गरेका थिए । पहिलो हाफकै ३८औं मिनेटमा कोहलपुर रेसिङ सहारा क्लबका ओम प्रकाश चौधरीले उत्कृष्ट हेडर गोल गर्दै २-० गोलको स्थितिमा पुऱ्याए ।

दोस्रो हाफमा भने लालीगुराँस एसोसियसन क्लब पोखराले कम ब्याक गर्ने निकै कोसिस गऱ्यो । निकै प्रतिस्पर्धात्मक खेलमा पोखराका लागि दोस्रो हाफको ६८ औं मिनेटमा जर्सी नम्बर १८ का रोशन छन्त्यालले गोल गरेका थिए ।

टिमले उत्कृष्ट पुनरागमनको लागि धेरै पटक कोसिस गर्दासमेत फिनिसिङमा चुक्दा लालीगुराँस एसोसियसन क्लब पोखरा प्रतियोगिताबाट बाहिरिएको छ । चौथो संस्करणमा लगातार दुई खेल जितेको कोहलपुर रेसिङ सहारा क्लब फाइनल प्रवेश गर्ने पहिलो टिम बनेको छ ।

खेलको म्यान अफ द म्याच कोहलपुर रेसिङ सहारा क्लबका ओम प्रकाश चौधरी बने । उनलाई विभिन्न व्यक्तित्वहरूले रूपमा नगद पाँच हजार र ट्रफी प्रदान गरेका थिए ।

# 'नेपाल फाइभ के रन च्यालेन्ज' शनिबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** एथ्लेटिक्स परिवार नेपालको आयोजना तथा चाँगुनारायण नगरपालिकाको सहयोगमा पहिलो चरणको 'नेपाल फाइभ के रन च्यालेन्ज' शनिबार आयोजना हुने भएको छ ।

आयोजकका अध्यक्ष राजन खत्रीले पत्रकार सम्मेलनमार्फत प्रतियोगितामा ६ विधामा प्रतिस्पर्धा हुने जानकारी दिएका छन् ।

प्रतियोगितामा खुला महिला तथा पुरुष र ४५ वर्षमाथि पुरुष भेट्रानतर्फ ५ किलोमिटर दौड हुनेछ। त्यस्तै, १८ वर्षमुनि महिला तथा पुरुष र ३५ वर्षमाथि महिला भेट्रानतर्फ ३ किलोमिटर दौड आयोजना गरिनेछ। करिब २५० भन्दा बढी धावक सहभागी हुने अपेक्षा गरिएको छ ।




खुला ५ किलोमिटरतर्फ प्रथम हुनेले १२ हजार, द्वितीयले ८ हजार र तृतीयले ४ हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । अन्य विधामा पनि विभिन्न रकमका नगद पुरस्कारको व्यवस्था गरिएको छ ।

यो प्रतियोगिता तीन चरणमा सञ्चालन हुनेछ, जसअन्तर्गत प्रत्येक चरणबीच करिब दुई महिनाको अन्तर रहनेछ । प्रत्येक चरणमा शीर्ष स्थानमा रहने खेलाडीलाई अंक प्रदान गरिनेछ र अन्तिम चरणपछि ग्रान्ड फाइनल आयोजना गरिने आयोजकले जनाएको छ । दौड चाँगुनारायण नगरपालिका भवनबाट सुरु भई विभिन्न स्थान हुँदै पुनः सोही स्थानमा पुगेर सम्पन्न हुनेछ । प्रतियोगिताले नगरमा खेलकुद गतिविधि बढाउने विश्वास गरिएको छ ।

**मलेसियामा रोजगार** कम्पनी : HE AIK AGRO SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No.341550 | चलानी नं. ६०२५४९०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener | 6 | 0 | 1700 | ६५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६४८/०८०/०८१
SECURE NEPAL JOB PLACEMENT PVT . LTD
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

**कुवेतमा रोजगार** कम्पनी : GLOBAL LINK FOR CONSUMING ORDERS DELIVERY CO.WLL

पूर्व स्वीकृति मिति : २०८२/०८/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 334939 | चलानी नं. ६०२४८५७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 9 | 0 | 140 | ६९,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
SPACE HR SOLUTIONS PVT.LTD
Basundhara, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558 Chitra Bahadur Roka
E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

**कतारमा रोजगार** कम्पनी : AL SHERA TRADING AND CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 338343 | चलानी नं. ६०२५१८७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bus) | 2 | 0 | 1900 | ७९,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Cleaner Worker | 8 | 6 | 1200 | ५०,०३६ | | | | | | | |
| 3. | Helper | 1 | 0 | 1000 | ४१,६९७ | | | | | | | |
| 4. | Mason | 1 | 0 | 1200 | ५०,०३६ | | | | | | | |
| 5. | Purchasing Representative | 1 | 0 | 2200 | ९१,७३३ | | | | | | | |
| 6. | Stone Mason | 2 | 0 | 1200 | ५०,०३६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Kalimatidol, Prakash Sanyas Ashram Marga, Kathmandu, Nepal, Tel: 015928095,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com

**कुवेत/साउदीमा रोजगार** कम्पनी : MARACESHYA LADIES BEAUTY SALON COMPANY S.S.W

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341555 | चलानी नं. ६०२५४९१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 200 | ९८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PROMISING ROOF TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341525 | चलानी नं. ६०२५४९४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee maker) | 5 | 0 | 1500 | ६०,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** कम्पनी : OPERATIONAL BUSINESS GATE FOR OPERATION & MAINTENANCE CO

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 336591 | चलानी नं. ६०२५०११०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४८,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EARTH GENERAL COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341515 | चलानी नं. ६०२५४९०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 1 | 0 | 1000 | ४०,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.१०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

# अन्टार्कटिकामा पर्यटनसँगै जोखिम बढ्दो



**ब्रसेल्स–** जलवायु परिवर्तनका कारण तीव्ररूपमा पग्लिँदै गएको अन्टार्कटिकातर्फ आकर्षण बढेसँगै त्यहाँको नाजुक वातावरणमा प्रदूषण, रोग र पारिस्थितिकीय क्षतिको जोखिम पनि उल्लेखनीयरूपमा बढ्दै गएकोमा विज्ञहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। पृथ्वीको सबैभन्दा दुर्गम र संवेदनशील भूभाग मानिने यो महाद्वीपमा 'अन्तिम अवसर'को सोचले पर्यटकको चाप तीव्र गतिमा बढिरहेको छ।

हालसम्म पर्यटक संख्या तुलनात्मकरूपमा कम देखिए पनि वृद्धिदर असाधारण छ। महँगो लागत र लामो यात्रा समयका बाबजुद पछिल्ला वर्षहरूमा अन्टार्कटिकामा जानेहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ, जसले वैज्ञानिक र वातावरणविद्हरूलाई सतर्क बनाएको छ। सन् २०२४ मा मात्र ८० हजारभन्दा बढी पर्यटकले महाद्वीपमा अवतरण गरेका थिए भने करिब ३६ हजारले जहाजमै बसेर अवलोकन गरेका थिए। विगत तीन दशकमा पर्यटन गतिविधि १० गुणाले बढेको तथ्यांकले देखाउँछ र आगामी दशकमा यो संख्या तीनदेखि चार गुणासम्म बढ्न सक्ने अनुमान गरिएको छ।

अन्टार्कटिकाको सबैभन्दा बढी भ्रमण गरिने क्षेत्र प्रायद्वीप हो। यो विश्वकै सबैभन्दा तीव्र तापक्रम वृद्धि हुने क्षेत्रमध्ये एक मानिन्छ। अमेरिकी अन्तरिक्ष संस्था नासाका अनुसार सन् २००२ देखि २०२० सम्म हरेक वर्ष औसत १४९ अर्ब मेट्रिक टन बरफ पग्लिएको थियो, जसले यहाँको वातावरणीय असन्तुलन झन् तीव्र बनाएको छ।

पर्यटनसँगै स्वास्थ्य जोखिम पनि सतहमा देखिन थालेका छन्। हालै डच क्रूज जहाज एमभी होण्डियसमा दुर्लभ हान्ता भाइरसको घातक प्रकोप देखिएपछि विश्वव्यापी ध्यान आकर्षित भएको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार उक्त जहाज अप्रिल १ मा अर्जेन्टिनाको उशुइयाबाट प्रस्थान गरी अन्टार्कटिका र वरपरका टापुहरूमा पुगेको थियो। संगठनले जहाजमा मानव-देखि-मानव संक्रमण भएको हुनसक्ने आशंकामा अनुसन्धान गरिरहेको जनाएको छ। प्रारम्भिक अनुमानअनुसार पहिलो संक्रमित व्यक्ति यात्राअघि नै संक्रमित भएको हुनसक्छ।

यसअघि पनि क्रूज जहाजहरूमा रोगको जोखिम देखिँदै आएको छ। नोरोभाइरसजस्ता संक्रमणहरू संकुचित स्थानमा छिटो फैलिने भएकाले जोखिम उच्च रहन्छ। सन् २०२० मा डायमण्ड प्रिन्सेस जहाजमा कोभिड-१९ फैलिँदा त्यस्तो यात्रा कति जोखिमपूर्ण हुन सक्छ भन्ने उदाहरण देखिएको थियो। हान्ता भाइरस सामान्यतया संक्रमित मुसा वा घरमुसाजस्ता जनावरहरूको फोहोरबाट सर्ने भए पनि यस घटनाले नयाँ चिन्ता थपेको छ।

पर्यावरणीय दृष्टिले पनि जोखिम बढ्दो छ। प्रवासी चराहरूबाट एभियन फ्लू अन्टार्कटिकासम्म पुगेको तथ्य अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रले पुष्टि गरिसकेको छ। यस्तो अवस्थाले पर्यटकहरूको गतिविधि अझ कडाइका साथ नियमन गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

अन्टार्कटिका टुर अपरेटरहरूको अन्तर ाष्ट्रिय संघलगायत संस्थाहरूले पर्यटकहरूका लागि कडा स्वच्छता र आचरणसम्बन्धी नियम लागू गरेका छन्। भ्रमणका क्रममा जनावरहरूबाट दूरी कायम राख्ने, जमिनमा अनावश्यक सम्पर्क नगर्ने तथा जुत्ता र उपकरणहरू पूर्णरूपमा सफा राख्ने निर्देश दिइन्छ। यात्रु र चालक दलले जुत्ता र सामग्रीमा टाँसिन सक्ने सूक्ष्म जीव, बिउ वा फोहोर हटाउन विशेष सरसफाइ उपकरण प्रयोग गर्ने गरेका छन्।

विज्ञहरूका अनुसार केही पर्यटक 'अन्तिम अवसर पर्यटन' को मनोवृत्तिका साथ त्यहाँ पुग्ने गर्छन्, जसले पग्लिँदै गएको दृश्यलाई प्रत्यक्ष हेर्ने चाहना राख्छन्। तर यही प्रवृत्तिले दीर्घकालीनरूपमा वातावरणमा थप दबाब सिर्जना गर्ने खतरा बढाएको छ।

अन्टार्कटिका सन् १९५९ को अन्टार्कटिक सन्धिअनुसार शान्तिपूर्ण र वैज्ञानिक प्रयोजनका लागिमात्र प्रयोग गरिने क्षेत्र हो। सन्धिले कुनै पनि भ्रमणले वातावरण वा वैज्ञानिक तथा सौन्दर्य मूल्यमा नकारात्मक असर पार्न नहुने स्पष्ट व्यवस्था गरेको छ। यद्यपि, पर्यटन तीव्ररूपमा बढ्दै जाँदा पुराना नियमहरू पर्याप्त नहुने चिन्ता पनि व्यक्त हुन थालेको छ।

वातावरणविद्हरूले अन्टार्कटिकालाई विश्वका अन्य संवेदनशील पारिस्थितिकीय क्षेत्रसरह कडाइका साथ नियमन गर्न आवश्यक रहेको बताएका छन्। उनीहरूका अनुसार अहिलेको वृद्धिदरलाई बेवास्ता गरिए भविष्यमा यो अमूल्य भूभाग गम्भीर क्षतिको सामना गर्न सक्छ। *रासस/एपी*



**चीनको राजधानी बेइजिङस्थित राष्ट्रिय कला संग्रहालयमा रहेको 'भर्चुओसोसलाई श्रद्धाञ्जलिः लियोनार्डो दा भिन्चीदेखि काराभाजियोसम्म– इटालियन पुनर्जागरणका उत्कृष्ट कृतिहरू' प्रदर्शनी अवलोकन गर्दै मानिसहरू।** *तस्बिरः सिन्ह्वा*

# मध्यपूर्व युद्ध अन्त्य गर्न चीनको आह्वान

**बेइजिङ–** मध्यपूर्वमा बढ्दो तनावबीच चीनले तत्काल र पूर्णरूपमा लडाइँ अन्त्य गर्न आह्वान गर्दै सबै पक्षलाई शान्ति वार्तामा फर्कन आग्रह गरेको छ। चीनले विशेषगरी संयुक्त राज्य अमेरिका र इरानबीचको विवाद समाधान गर्दै रणनीतिक जलमार्ग स्ट्रेट अफ हर्मुज पुनः सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिएको छ।

बेइजिङमा इरानी विदेशमन्त्री अब्बास अराघचीसँग भएको वार्तापछि चिनियाँ विदेशमन्त्री वाङ यीले जारी गरेको वक्तव्यमा मध्यपूर्वमा जारी शत्रुता अब ढिलाइ नगरी अन्त्य गर्नुपर्ने स्पष्ट सन्देश दिइएको छ।

वाङ यीका अनुसार चीनले लडाइँको 'पूर्ण समाप्ति' तत्काल हुनुपर्ने ठान्छ र शत्रुता पुनः सुरु हुनु अस्वीकार्य छ। उनले वार्ता निरन्तर जारी राख्नुपर्ने आवश्यकता औंल्याउँदै सबै पक्षलाई कूटनीतिक समाधानतर्फ फर्कन आग्रह गरे। उनले विशेषरूपमा स्ट्रेट अफ हर्मुजमार्फत समुद्री यातायात सुरक्षितरूपमा पुनः सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिँदै अन्तर्राष्ट्रिय समुदायको तत्काल आह्वानप्रति सम्बन्धित पक्षहरूले छिटो प्रतिक्रिया दिनुपर्ने बताए।

आणविक मुद्दाबारे टिप्पणी गर्दै चिनियाँ विदेशमन्त्रीले इरानलाई शान्तिपूर्ण आणविक ऊर्जा प्रयोग गर्ने अधिकार रहेको स्वीकार गर्नुपर्ने बताए। साथै, इरानले आणविक हतियार विकास नगर्ने प्रतिबद्धता जनाएकोमा चीनले स्वागत गरेको उनको भनाइ छ।

चीनले मध्यपूर्वमा देखिएको तनावप्रति प्रत्यक्ष आर्थिक र रणनीतिक चासो राख्छ। समुद्री विश्लेषण संस्था केप्लरका अनुसार चीनले समुद्री मार्गबाट आयात गर्ने कच्चा तेलमध्ये आधाभन्दा बढी मध्यपूर्वबाट आउँछ, जुन अधिकांश रूपमा हर्मुज जलमार्ग हुँदै पार गरिन्छ। त्यसैले उक्त मार्ग अवरुद्ध हुँदा चीनको ऊर्जा आपूर्ति प्रणालीमा प्रत्यक्ष असर पर्ने जोखिम रहन्छ।

बेइजिङले पछिल्ला कूटनीतिक प्रयासमार्फत संकट समाधानमा मौन तर सक्रिय भूमिका खेल्दै आएको बताइएको छ। वाङ यीका अनुसार चीनले वासिङ्टन र तेहरानबीच बनेको नाजुक युद्धविरामलाई समर्थन गर्दै आएको र त्यसमा आफ्ना कूटनीतिक पहलहरूले पनि योगदान दिएको छ।

उनले चीन आगामी दिनमा पनि तनाव घटाउन, लडाइँ अन्त्य गर्न र शान्ति वार्ता अघि बढाउन सक्रिय भूमिका खेल्ने बताउँदै मध्यपूर्वमा स्थायित्व पुनःस्थापना गर्न सबै पक्षसँग सहकार्य जारी राख्ने प्रतिबद्धता व्यक्त गरे। *रासस/एएफपी*

# चिप उद्योगमा भारतको तीव्र विस्तार



**नयाँदिल्ली–** विश्वव्यापी सेमिकण्डक्टर आपूर्ति शृंखलामा आफ्नो स्थान मजबुत बनाउने लक्ष्यसहित भारतले ४१ करोड ४० लाख डलरबराबरका दुई नयाँ सेमिकण्डक्टर परियोजनालाई स्वीकृति दिएको छ। यो निर्णयले देशलाई इलेक्ट्रोनिक्स उत्पादनको उदीयमान केन्द्रका रूपमा स्थापित गर्ने सरकारी प्रयासलाई थप गति दिने अपेक्षा गरिएको छ।

सरकारले सोमबार राति स्वीकृति दिएका यी परियोजनामध्ये एक एलइडी डिस्प्ले उत्पादन सुविधा हो भने अर्को सेमिकण्डक्टर प्याकेजिङ युनिट हो। यी दुई थपिएसँगै भारतमा यस्ता परियोजनाको संख्या १२ पुगेको छ। यसमा करिब १७ अर्ब २० करोड डलरबराबरको कूल लगानी प्रतिबद्ध रहेको बताइएको छ।

भारतले सन् २०२१ देखि घरेलु चिप उत्पादन क्षमतामा विस्तार गर्ने रणनीति अघि बढाउँदै आएको छ। आयातमा निर्भरता घटाउने, आपूर्ति प्रणालीलाई सुरक्षित बनाउने तथा प्रविधिमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले निर्माण, डिजाइन र प्याकेजिङसँग सम्बन्धित विभिन्न पूर्वाधारमा निरन्तर लगानी बढाइएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले यी नयाँ परियोजनाहरूलाई भारतलाई विश्वव्यापी सेमिकण्डक्टर मूल्य शृंखलामा अग्रणी बनाउने दीर्घकालीन योजनाको महत्त्वपूर्ण हिस्सा भएको बताएका छन्। उनका अनुसार सेमिकण्डक्टर क्षेत्रमा भइरहेको प्रगतिले आर्थिक रूपान्तरणलाई तीव्र बनाउने, प्राविधिक आत्मनिर्भरता सुदृढ गर्ने र नवप्रवर्तनमा आधारित पारिस्थितिकी प्रणालीलाई थप ऊर्जा प्रदान गर्ने छ।

सरकारी विवरणअनुसार एलइडी परियोजना मिनी र माइक्रो डिस्प्ले मोड्युल उत्पादनमा केन्द्रित रहने छ। यसका लागि कम्पाउण्ड सेमिकण्डक्टर निर्माणसम्बन्धी एकीकृत सुविधा स्थापना गरिने छ। त्यस्तै, प्याकेजिङ युनिटले अटोमोबाइल, औद्योगिक तथा उपभोक्ता इलेक्ट्रोनिक्स क्षेत्रमा आवश्यक पर्ने चिप समाधान उपलब्ध गराउने लक्ष्य राखेको छ। यी पहलहरूले देशभित्र विकास भइरहेको उच्चस्तरीय चिप डिजाइन क्षमतालाई पूरक सहयोग पुऱ्याउने र समग्र सेमिकण्डक्टर पारिस्थितिकी प्रणालीलाई उल्लेखनीय रूपमा सुदृढ बनाउने विश्वास सरकारको छ।

भारतको चिप बजार पनि तीव्ररूपमा विस्तार भइरहेको छ। सन् २०२३ मा करिब ३८ अर्ब डलरको रहेको बजार सन् २०२४-२५ सम्म ४५ देखि ५० अर्ब डलरसम्म पुग्ने अनुमान गरिएको छ। सरकारले सन् २०३० सम्म यस क्षेत्रलाई एक खर्ब डलरको स्तरमा पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य अघि सारेको छ। *रासस/एएफपी*


**साउदीमा रोजगार** कम्पनी : RENDA CAFE FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341523 | चलानी नं. ६०२५४९३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE SERVER (WAITER) | 1 | 0 | 1200 | ४८,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ जेठ १ गते (15th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ५०१/०६१/०६२

**मलेसियामा रोजगार** कम्पनी : SANWA AQUATICS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341501 | चलानी नं. ६०२५४९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture(fish Pond)gen. Worker | 15 | 0 | 1700 | ६५,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899, Mobile No.9851079818
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

**साउदीमा रोजगार** कम्पनी : GOOD CAFE TO PROVIDE MEALS EST.

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341594 | चलानी नं. ६०२५४९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 1 | 0 | 1200 | ४८,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**साउदीमा रोजगार** कम्पनी : NAHDET ASIA TRANSPORTS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341597 | चलानी नं. ६०२५४९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 6 | 0 | 1800 | ७२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED ABDULAZIZ MOHAMMED AL FADHEEL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341599 | चलानी नं. ६०२५४९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ७२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAQR ALRAIDA LOGISTICS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341600 | चलानी नं. ६०२५४९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 10 | 0 | 1800 | ७२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMANI NABBAA RASHIDI TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341598 | चलानी नं. ६०२५४९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer truck driver | 5 | 0 | 1800 | ७२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**कतार/मलेसियामा रोजगार** कम्पनी : GREAT SUPREME SHINE CLEANING HOSPITALITY & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341616 | चलानी नं. ६०२५४९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Officers | 0 | 2 | 1000 | ४१,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 4 | 0 | 3000 | १२५,०९० | | | | | | | |
| 3 | Supervisor | 2 | 0 | 3000 | १२५,०९० | | | | | | | |
| 4 | Toilet Cleaner | 3 | 8 | 1000 | ४१,६९५ | | | | | | | |

कम्पनी : ENG HAN CASH & CARRY SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341640 | चलानी नं. ६०२५४९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Fillers | 4 | 0 | 1700 | ६५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KIONG AGRO TRADING

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341641 | चलानी नं. ६०२५४९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 5 | 0 | 1700 | ६५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ वैशाख ३१ गते (14th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

**तपशिलमा उल्लेखित ऋणीहरूको नामको कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना !!!**

**प्रथमपटक प्रकाशित मिति : २०८३/०१/२४**

तपशिलमा उल्लेखित ऋणीहरूको धितो कर्जा शिर्षक अन्तर्गत लिएको ऋण कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत यस संस्थासंग गरेको सर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाएको हुंदा कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा सम्झौता बमोजिम शर्त तथा बन्देज उल्लंघन गरेकोले कर्जा चुक्ता गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पुर्ण साँवा, ब्याज र अन्य दस्तुर समेत चुक्ता भुक्तान गर्नु होला। यदि संस्थालाई तिर्नु बुझाउनु पर्ने कर्जा तिरे बुझाएको भए सो को प्रमाण समेत पेश गर्नु होला। अन्यथा संस्थासंग गरेको कर्जा सम्झौता बमोजिम संस्थाले सम्पूर्ण बक्यौता असुल उपर सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा हाल संसोधित कानुनी व्यवस्था बमोजिम र संस्थाको ऋण नीति २०७९ (संशोधन सहित) को बमोजिम आवश्यक कानुनी प्रक्रिया अगाडि बढाईने व्यहोरा धितो लेखी दिने र व्यक्तिगत जमानी दिनु हुने सम्पूर्ण महानुभावहरूले समेत यसै सूचनाबाट जानकारी लिनु हुन  सूचित गरिन्छ।

| क्र.स. | ऋणीको नाम, थर तथा वतन | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|
| १. | **नाम : सुरज पौडेल**<br>बुबा : कृष्ण बहादुर पौडेल<br>बाजे :नारायण प्रसाद पौडेल<br>स्थायी ठेगाना : काठमाडौं जिल्ला, बु.न.पा.वडा नं. ११<br>हालको ठेगाना : काठमाडौं जिल्ला, बु.न.पा.वडा नं. ११, कपन<br>ना.प्र.न. : २७-०१-७४-१५२८४, काठमाडौं | **नाम : सिता कुमारी**<br>पति : सुरज पौडेल<br>ससुरा : कृष्ण बहादुर पौडेल<br>स्थायी ठेगाना : बारा जिल्ला, निजगढ गा.बि.स., वडा नं. ७<br>हालको ठेगाना : काठमाडौं जिल्ला, बु.न.पा.वडा नं. ११, कपन<br>ना.प्र.न. : ५२, बारा |
| २. | **नाम : सिता कुमारी पौडेल**<br>पति : सुरज पौडेल<br>ससुरा : कृष्ण बहादुर पौडेल<br>स्थायी ठेगाना : बारा जिल्ला, निजगढ गा.बि.स., वडा नं. ७<br>हालको ठेगाना : काठमाडौं जिल्ला, बु.न.पा.वडा नं. ११, कपन<br>ना.प्र.न. : ५२ बारा | **नाम : सुरज पौडेल**<br>बुबा : कृष्ण बहादुर पौडेल<br>बाजे : नारायण प्रसाद पौडेल<br>स्थायी ठेगाना : काठमाडौं जिल्ला, बु.न.पा.वडा नं. ११<br>हालको ठेगाना : काठमाडौं जिल्ला, बु.न.पा.वडा नं. ११, कपन<br>ना.प्र.न. : २७-०१-७४-१५२८४, काठमाडौं |
| ३. | **नाम : मुना माया बज्यु तामाङ**<br>श्रीमान :- सेर बहादुर बज्यु<br>ससुराको नाम : चन्द्रमान बज्यु<br>छोराको नाम : अमृत बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.९<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७, चावहिल<br>ना.प्र.नं ९४१, काभ्रेपलान्चोक | **नाम : अमृत बज्यु**<br>बुबाको नाम :- सेर बहादुर बज्यु<br>बाजेको नाम : चन्द्रमान बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.८<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा ., वडा नं. ७, चावहिल<br>ना.प्र.नं -३०१०२४/१६०५६२, काभ्रेपलान्चोक<br><br>**नाम : मिनामाया बज्यु**<br>बुबाको नाम :- सेर बहादुर बज्यु<br>बाजेको नाम : चन्द्रमान बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.८<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७, चावहिल<br>ना.प्र.नं -३०३०२४/१२, काभ्रेपलान्चोक |

**गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
धुम्बाराही, चण्डोल काठमाडौं, फोन नं. ०१-४५२८९६६, ०१-४५३४०६६, Email : goretosave@gmail.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९६८०० | प्रति तोला – ० | प्रति तोला – ५०५५ |

उद्योग वाणिज्य महासंघमा नयाँ नेतृत्व

## अञ्जन श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित




■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्षमा अञ्जन श्रेष्ठ चयन भएका छन् । अघिल्लो कार्यकालका वरिष्ठ उपाध्यक्ष श्रेष्ठ महासंघको विधानअनुसार स्वतः अध्यक्ष पदमा चयन भएका छन् । महासंघको ६० औं वार्षिक साधारणसभापछि सुरु निर्वाचन प्रक्रियाको मतगणना बुधबार सम्पन्न भएको छ । निर्वाचनमार्फत विभिन्न समूहअन्तर्गत उपाध्यक्षसहित नयाँ कार्यसमिति चयन गरिएको छ ।

मुख्य निर्वाचन अधिकृत लीलामणि पौडेलका अनुसार जिल्ला तथा नगरतर्फका दुई उपाध्यक्ष पदमा कृष्णप्रसाद शर्मा र दिलसुन्दर श्रेष्ठ निर्वाचित भएका छन् । त्यसैगरी वस्तुगत संघतर्फको उपाध्यक्षमा नरेशलाल श्रेष्ठ निर्वाचित भएका छन् । एसोसिएटतर्फको उपाध्यक्ष पदमा प्रबलजंग पाण्डे विजयी भएका छन् ।

नवनिर्वाचित नेतृत्वले निजी क्षेत्रको सुदृढीकरण, आर्थिक सुधार तथा व्यवसायमैत्री वातावरण निर्माणमा जोड दिने अपेक्षा गरिएको छ । वरिष्ठ उपाध्यक्ष स्वतः अर्को महाधिवेशनबाट अध्यक्ष हुने प्रावधान यसपटक नै अन्तिम रहेको र आगामी महाधिवेशनमा अध्यक्ष पदका लागि निर्वाचन हुने जनाइएको छ ।

**जिल्ला नगरमा को-को भए निर्वाचित ?**

महासंघको जिल्ला नगर उपाध्यक्षमा सिद्धार्थ उद्योग वाणिज्य संघका कृष्ण प्रसाद शर्मा र धुलिखेल उद्योग वाणिज्य संघका दिल सुन्दर श्रेष्ठ विजयी निर्वाचित भएका छन् । जिल्ला नगरतर्फको कार्यकारिणी सदस्यमा खुलातर्फ अर्जुन कुमार श्रेष्ठ, उज्ज्वल प्रसाद कसजु, केशव प्रसाद भण्डारी, कृष्ण कटुवाल, गोकुल श्रेष्ठ, छत्रधर आत्रेय, तारा बहादुर कार्की, दीपक नेपाल, प्रयास कार्की, मोहन प्रसाद श्रेष्ठ, लक्ष्मणराज पौडेल, शंकर गिरी, सन्तोष खड्का, सुदर्शन कार्की र हरिप्रसाद अर्याल निर्वाचित भएका छन् ।

यस्तै जिल्ला नगरतर्फ गीता अमात्य र हिरा भट्टराई निर्वाचित भएका छन् । प्रदेशगत सदस्यहरूबाट कोशीबाट जीवन पराजुली र रमेश विश्वकर्मा, मधेशबाट अमर नाथ शाह र विकास कुमार सारडा, बागमतीबाट प्रकाश मानन्धर र सविन श्रेष्ठ, गण्डकीबाट पविन्द्रा कुमार श्रेष्ठ र सुविन श्रेष्ठ, लुम्बिनीबाट यज्ञ प्रसाद भट्टराई र बाल कृष्ण सुवेदी निर्वाचित भएका हुन् ।

त्यस्तै कर्णालीबाट पदम बहादुर शाही र पुरीचन्द्र देवकोटा निर्बिरोध निर्वाचित हुँदा सुदूरपश्चिमबाट पिताम्बर जोशी निर्वाचित भएका छन्। यस्तै दानबहादुर सुर्मेली र पिताम्बर जोशीले समान ७ मत ल्याएका हुन् ।

**वस्तुगतमा को-को निर्वाचित भए ?**

महासंघको वस्तुगत उपाध्यक्षमा नेपाल निर्यात परिषद्का नरेशलाल श्रेष्ठ निर्वाचित भएका छन् । वस्तुगत समूह केन्द्रय कार्यकारिणी सदस्यमा खुलातर्फ अरनिको राजभण्डारी, नानीराज घिमिरे, पशुपति देव पाण्डे, विदुर धमला, भक्त बहादुर हमाल, रविन पुरी, राज कुमार कार्की (राजु), लिलेन्द्र प्रसाद प्रधान, संघर्ष विष्ट, सागर ढकाल र होम प्रसाद घिमिरे निर्वाचित भएका छन् ।

वस्तुगत समूह केन्द्रय कार्यकारिणी महिला सदस्यमा नेपाल कृषि मेशिनरी व्यवसायि संघको प्रतिनीधि सुनिता न्हेम्हाफुकी निर्वाचित भएकी छिन् । कार्यकारिणी सदस्यतर्फ वस्तुगत महासंघ कोटामा ढुवानी व्यवसायी महासंघ नेपालका विश्वनाथ खनाल र कम्प्युटर एशोसिएसन नेपाल महासंघबाट सुनैना घिमिरे निर्वाचित भएका छन् ।

**एसोसिएटतर्फ को को भए निर्वाचित ?**

महासंघको एसोसिएट उपाध्यक्षमा लोमस फर्मास्युटिकल्सका प्रवल जंग पाण्डे भारी मतका साथ निर्वाचित भएका छन् ।

एसोसिएट समूहको केन्द्रीय कार्यकारिणी सदस्यहरूमा अम्बिका प्रसाद पौडेल, ईश्वर बहादुर जिसी, उज्ज्वल कुमार श्रेष्ठ, ऋषि अग्रवाल, कृष्ण लाल महर्जन, दिवश न्यौपाने, प्रियराज रेग्मी, बटु लामिछाने, बाबु काजी कार्की, राजेश कुमार अग्रवाल, रामशरण भण्डारी, शक्ति कुमार वेगानी, सचिन ढकाल, सुयस प्याकुरेल, सुरज उप्रेती, सुशील थापा र हेमन्त गोल्छा निर्वाचित भएका छन् । एसोसिएट महिला कार्यकारिणी सदस्यतर्फ अभिज्ञा मल्ल र जुना माथेमा निर्वाचित भएका छन् ।

यस्तै महासंघको द्विराष्ट्रिय उद्योग वाणिज्य संघबाट मनोज पौडेल र संस्थापक सदस्य समूहबाट गोपाल श्रेष्ठ र सुमन कुमार श्रेष्ठ केन्द्रय कार्यकारिणी सदस्यमा निर्वाचित भएका छन् ।

### 'अर्थतन्त्रको उन्नयनका निम्ति काम गर्छु'



**काठमाडौं (प्रस)**– नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले मुलुकको आर्थिक उन्नयनका निम्ति हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

महासंघ अध्यक्षको कार्यभार सम्हाल्नुअघि संक्षिप्त कुरा गर्दै उनले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् । उद्यमी व्यवसायीका साथै लगानीको सुरक्षा आफ्नो पहिलो प्राथमिकता भएको उनले बताए । निजी क्षेत्र र सरकारबीचको साझेदारी अपरिहार्य छ भन्दै उनले राष्ट्रको समृद्धि आपसी साझेदारीबाटै सम्भव हुने बताए ।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठ बुधबारदेखि महासंघको अध्यक्ष भएका हुन् । महासंघको विधानमा वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधानअनुसार उनले कार्यभार सम्हालेका हुन् । अध्यक्ष श्रेष्ठ साढे दुई दशकदेखि महासंघमा आबद्ध छन् । उनी व्यावसायिक घराना लक्ष्मी ग्रुपका कार्यकारी निर्देशक हुन् ।

## निगमको वाइडबडी एक सातादेखि 'ग्राउण्डेड'

**काठमाडौं (प्रस)**– राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको एउटा वाइडबडी जहाज एक सातादेखि त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलमा ग्राउन्डेड (थन्किएको) छ । गत साता (शुक्रबार) जापानको नारिताबाट काठमाडौं आउँदै गरेको उक्त जहाज ठूलो हावाहुरीसँगैको चट्याङमा परेको थियो ।

चट्याङका कारण क्षति भएपछि जहाज ग्राउन्डेड हुन पुगेको हो । यसको मर्मत गर्न सम्बन्धित जहाज निर्माता कम्पनीको सहमति लिएर मात्रै गर्नुपर्ने छ । मर्मतका लागि आवश्यक सामान नेपालमा उपलब्ध नभएकाले विदेशबाटै ल्याउनुपर्ने अवस्था छ । निगमले फेर्नुपर्ने उक्त जहाजको सामान बेलायतमा रहेको र उताबाट ल्याउने प्रयास भइरहेको जानकारी दिएको छ ।

उक्त जहाजमा पुगेको क्षति सामान्य मर्मतबाट नहुने र ठूलै भएको जानकारी जहाज निर्माता एयरबस र इन्जिन निर्माता रोल्स रोजलाई दिएर मात्रै मर्मत गर्नुपर्ने प्रकृतिको रहेको वायुसेवा निगमले जनाएको छ ।

निगमका अनुसार अन्तर्राष्ट्रिय उडानमा प्रयोग भइरहेको एयरबस ए३३०-२००, कलसाइन नाइन एनएएलवाई 'अन्नपूर्ण' नामक जहाज ग्राउन्डेड भएको हो । उक्त जहाज मर्मत गर्न ठूलो खर्च लाग्ने देखिएकाले निगमलाई समयमै मर्मत गरेर उडाउन सकस परिरहेको छ ।

नेपाल वायुसेवा निगमको आर्थिक कार्यविधिले सम्बन्धित विभागीय प्रमुखहरूलाई १० करोड रूपैयाँसम्म खर्च गर्ने अधिकार दिएको छ । १५ करोड रूपैयाँसम्म नायब महाप्रबन्धक र त्योभन्दा धेरै खर्च हुने अवस्थामा कार्यकारी अध्यक्षलाई मात्र अधिकार रहेको छ ।

एकातर्फ खर्च धेरै लाग्ने र अर्कोतर्फ नीतिगत निर्णयसमेत गर्नुपर्ने अवस्था छ । तर, वायुसेवा निगम सञ्चालक समितिका सदस्यहरूमध्ये अर्थ मन्त्रालय र पर्यटन मन्त्रालयका एक-एक जना प्रतिनिधिबाहेक अन्य सबै पदाधिकारी 'सार्वजनिक पदाधिकारीको पदमुक्त सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' बाट पदमुक्त भएका छन् । यसको असर निगमको जहाज मर्मत गर्ने र आवश्यक नीतिगत निर्णयमा परेको छ ।

सरकारले पदाधिकारीहरूलाई काम गर्ने गरी जिम्मेवारीसमेत नतोकेकाले अत्यावश्यक निर्णय गर्नुपर्ने, जहाज ग्राउन्डेड भइरहने र उडान व्यवस्थापन जस्ता विषयमा नीतिगत समस्या उत्पन्न भएको छ ।

सरकारी पदाधिकारीले समयमै निर्णय नगर्दा निगम जर्जर बनेको अवस्था यथावत् छ । अहिले सञ्चालक समितिमा पर्यटन मन्त्रालयका प्रतिनिधि जयनारायण आचार्य र अर्थ मन्त्रालयका प्रतिनिधि भरतमणि पाण्डे मात्र सदस्य छन् । सरकारी २ पदाधिकारीले मात्रै निगमको लागि मेजर निर्णय लिन सक्दैनन् ।

निगमका एक उच्च अधिकारीले भने सरकारी पदाधिकारीले निर्णय गर्न नसकेकै कारण निगमको अवस्था दयनीय हुँदै गएको हो । सरकारले निर्णय गर्न सकेको थियो र निगमसँग पर्याप्त जहाज हुन्थ्यो भने एक दुइवटा ग्राउन्डेड हुँदैन केही असर पर्दैन थियो । तर निगमको लागि त्यो अवसर हुनै पनि सरकार र राजनीतिक नेतृत्वले दिएनन् । निगममा कार्यकारी अध्यक्ष र महाप्रबन्धक पद रिक्त छ ।

## नेप्सेमा सामान्य अंकको गिरावट

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक एक दशमलव ६४ अंकले घटेर दुई हजार ७११ दशमलव २२ बिन्दुमा कायम भएको हो । ३३६ कम्पनीको ७१ लाख ३१ हजार ५५७ कित्ता शेयर ४७ हजार ८४१ पटक खरिद बिक्री हुँदा रु तीन अर्ब १९ करोड ७७ लाख ६६ हजार ७७९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा बैंकिङ शून्य दशमलव १६, वित्त शून्य दशमलव १९, होटल तथा पर्यटन शून्य दशमलव २२, लगानी शून्य दशमलव ४०, लघुवित्त शून्य दशमलव ४८, म्युचुअल फन्ड शून्य दशमलव ८०, निर्जीवन बिमा शून्य दशमलव १९ र अन्य समूह शून्य दशमलव ०३ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक शून्य दशमलव ५१, जलविद्युत् शून्य दशमलव ४३, जीवन बिमा शून्य दशमलव ३२ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ५६ प्रतिशतले घटेको छ ।

कारोबारमा फरवार्ड माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै १३ दशमलव ७४ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव ९० प्रतिशतले घटेको छ ।

## विद्युतीकरण योजना अलपत्र

**म्याग्दी (प्रस)**– म्याग्दीको मालिका गाउँपालिका-५ देविस्थानको पन्थोक र जुग्जामा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि सञ्चालित योजना अलपत्र छ ।

केन्द्रीय लाइनको विद्युत् सुविधा विस्तारमा भएको ढिलाइले रातको समयमा उज्यालो, मोबाइल चार्ज गर्न, इन्टरनेट चलाउन, टेलिभिजन हेर्न, विद्यालयमा कम्प्युटर विषयको पठनपाठन, वडा कार्यालय, स्वास्थ्य संस्थाको सेवा प्रवाह र कुटानी पिसानी मिल सञ्चालनमा समस्या भएको छ ।

पन्थोकस्थित भीम माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक डम्मरबहादुर घर्तीले दुई वर्षअघि सुरु भएको विद्युतीकरण योजनाले पूर्णता नपाउँदा बिजुलीको आशामा रहेका स्थानीयवासी निराश भएका बताए । एक सय ३२ परिवारको बसोबास रहेको पन्थोकमा गौडाखोला लघुजलविद्युत् परियोजनाको नहर मर्मतका लागि यही वैशाख ८ गतेदेखि बन्द गरिएको छ ।

'हामी अन्धकारमा बस्न बाध्य छौं, ७२ परिवारको बसोबास रहेको जुग्जामा विद्युतीकरणका लगेका पोल र तार बाटोमै थन्किएका छन्', उनले भने ।

पोल गाड्ने, मुख्य लाइन तान्ने काम सकिएको पन्थोकका बासिन्दाले वायरिङ गरिसकेका छन् । मिटरबक्स जडान र कालोतार जोड्न बाँकी छ । जुग्गामा पोल गाड्न, तार तान्न, ट्रान्सफर्मर जडान गर्नेलगायतका धेरै काम बाँकी छन् ।

## भारतीय केरा रोकिँदा नेपाली केराले पायो मूल्य

**बागलुङ**– बागलुङ नगरपालिका-१३ नयाँपुलका लीलाधर जैसीको केरा बारीमा आजभोली दिनकै बजारका व्यापारीको बास हुन्छ । स्थानीय जातका केराको खोजीमा बागलुङ र कुश्मा बजारका व्यापारी दिनदिनै उनको बारी धाउँछन् ।

पछिल्लो छ महिनायता लीलाधर र उनको गाउँका किसानले केरा बेच्नका लागि बजार जानु परेको छैन । घरघरमै दिनदिनै आउने व्यापारीले केरा आफैं खोज्छन्, आफैंले काट्छन् र गन्ती गरेपछि केराकै बोटको फेदमा पैसा बुझाउँछन् । यो देखेर यहाँका किसान दंग छन् ।

भारतीय केराको आयात रोकिएपछि यहाँका स्थानीय केराको मूल्य बढेको छ । जाडो मौसममा प्रतिदर्जन रु ६० र गर्मी मौसममा प्रतिदर्जन रु ७० देखि ८० मा बिक्री हुँदै आएको केरा आजभोलि दर्जनको रु १०० पर्न थालेको छ ।

बजार जाने झन्झट नहुने र बारीमै केराको मूल्य बढी पाउँदा निकै खुसी लागेको जैसी बताउँछन् । दर्जनमा हिसाब हुने गाउँघरमा व्यापारीले किसानको बारीबाट नै केरा उठाएर थैलो भर्छन् । यहाँका किसानको दैनिकी धान्ने अर्को स्रोत केरा हो । नयाँ पुल आसपासका क्षेत्रमा केराखेती विस्तार हुँदै गइरहेको छ ।

बागलुङको जैमिनी नगरपालिका-४ सर्कुवाका किसान ईश्वरीप्रसाद शर्माले पनि पछिल्लो समय केराले राम्रो मूल्य पाएको बताउँछन् । बजारमा भारतीय केरा र नेपालको तराईको केरा आउँदा स्थानीय जातका केरा बिक्री गर्न कठिन हुने गरेको भए पनि पछिल्लो समय केराको माग उच्च रहेको उनले बताए । 'योबेला केरा फलाउन सकेको भए निकै राम्रो मूल्यमा बिक्री हुने रहेछ', जैमिनी नगरपालिका-१ कुश्मीशेराका किसान मोतीप्रसाद शर्माले भने, 'अघिल्ला वर्षको तुलनामा यो वर्ष केराको माग उच्च छ ।' माग र मूल्य दुवै बढेकाले केराखेती गरेका किसानले राहतको महसुस गरेको उनले बताए ।



वर्षात्को समयमा मात्रै कोदो र मकै फल्ने बारीलाई सदुपयोग गरेर यहाँका किसानले केराखेती गर्दै आएका छन् । 'मकै र कोदोको मूल्य हिसाब गर्दा वर्षमा १८ हजार कमाई हुन्थ्यो, लगाउने गोड्ने दुःख त कति हो कति', शर्माले भने, 'समयमा पानी र मल दिएपछि राम्रो फल्ने केराले अहिले मेरो दैनिकी नै बदलिएको छ ।' पछिल्लो समय गाउँका किसानले परम्परागत खेतीलाई परिवर्तन गरेर केराखेती गरेका छन् । मोतीप्रसाद शर्माले जस्तै जैमिनीका किसानले बाँझो जग्गा र खेतीयोग्य जमिनमा केराखेती गरेका छन् । किसानले केराका लागि आवश्यक मलको जोहो गर्न गाईभैंसी पालेका छन् । खानेपानीका लागि प्रयोग भइरहेको पानीलाई बचत गरेर केरामा सिँचाइ गर्छन् ।

यहाँका किसानले स्थानीय रामरेखे लोकल, मालबोक, मुङ्गे, धुसे, फुस्रे, जहाजी, चिनीकेरालगायत केराखेती गरेको जैमिनी नगरपालिकाका कृषि प्राविधिक रविन्द्र शर्मा बताउँछन् । कसैले व्यावसायिक खेती गरेका छन् भने केहीले आफ्नो धेरैथोरै जग्गामा दुई चार बोट मात्रै केरा लगाएरै अम्दानीसँग जोडिएका छन् ।

बजारमा पनि पछिल्लो समय स्थानीय केराकै माग धेरै छ । स्थानीय जातको केरा पकाउनका लागि कुनै विषाधीको प्रयोग गर्न नपर्ने र खाँदा स्वादिलो भएकाले केराको माग उच्च रहेको बागलुङ बजारका व्यवसायी सागर सुवेदीले बताए । 'यहाँको केरा पाकेपछि पनि लामो समय टिक्छ, घाटा हुँदैन', सुवेदीले भने, 'तराई र भारतको केराभन्दा व्यवसायी र उपभोक्ता दुवैलाई यो केरा फाईदा हुनेखालको छ ।' पछिल्लो समय केराको मूल्य बढाएरै किसानलाई भुक्तानी दिने गरिएको सुवेदीले बताए । उनका अनुसार पछिल्लो एक वर्षयता बागलुङ बजारमा केराको माग स्थानीय केराले नै धानेको छ ।

बजारमा स्थानीय केराको मूल्यप्रति दर्जन रु १२० देखि १८० सम्ममा बिक्री हुने गरेको छ । एकद रूपमा तराईबाट आउने केराको मूल्य भने प्रतिदर्जन २५० भन्दा धेरै छ । बागलुङ बजारमा दर्जन बढी होलसेल व्यपारीमार्फत दैनिक १०० कार्टुनभन्दा धेरै भारतीय केरा भित्रिने गरेको थियो । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ